


**पृष्ठ ३**

## यसरी स्थापित गरियो अपाङ्गता भएका व्यक्तिहरूको
# राजनीतिक अधिकार

पृष्ठ १५ : अबको यात्रा

पृष्ठ २५ : पढ्न र बुझ्न सक्ने शिक्षण

पृष्ठ ३० : अपाङ्गता भएका व्यक्तिहरू भत्ताबाट वञ्चित


**पृष्ठ १७**



सशस्त्र द्वन्द्व, महाभूकम्प र अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद

**Page 21**

**Concept and Principles of Universal Design for Learning**




**रूपान्तरण**

वर्ष : २०, अङ्क : १, पुस २०७२

राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपालको मुखपत्र

सल्लाहकार : सुदर्शन सुवेदी
सम्पादन समूह : मनिष प्रसाई, विमल पौडेल
भाषा सम्पादन : धातृप्रसाद सुवेदी
आवरण/ले-आउट : योगेश खपाङ्गी
प्रकाशक : राष्ट्रिय अपाङ्ग महासङ्घ-नेपाल, सूचना तथा सञ्चार समन्वय विभाग
कार्यालय : भृकुटीमण्डप, काठमाडौं ।
फोन : ४२३११५९ फ्याक्स : ४२२९५२२ पो.ब.नं. : ९१८८
इमेल : info@nfdn.org.np, admin@nfdn.org.np
वेबसाइट : www.nfdn.org.np
मुद्रक : भोजपुर सिद्धकाली प्रिन्टिङ प्रेस, सुकेधारा, काठमाडौं, ०१-४३७६३९८

# पहुँचयुक्त पुनःनिर्माण

सार्वजनिक भौतिक संरचनाहरू सबैका लागि पहुँचयुक्त हुनु वा प्रयोगकर्तामैत्री हुनुभनेको आधुनिक विकासको निकै सुन्दर पक्ष हो जुन समावेशीकरण र मानवअधिकारसँग पनि त्यतिकै सम्बन्धित छ । यस्ता संरचना, सेवा-सुविधा सबैका लागि पहुँचयुक्त हुनुको अर्को फाइदा उपयोगकर्ताको सङ्ख्यामा व्यापक वृद्धिहुनु पनि हो । यसले मानिसको सार्वजनिक सहभागिता बढाएर उसलाई आर्थिकलगायत अन्य विभिन्न किसिमले सक्रिय बनाउँछ जसको फाइदा बजार र राज्यले सहजै उठाउन सक्छन् ।

तर विडम्वना, आम मानिसका लागि खुल्ला गरिएका नीजि वा सरकारी निकायले निर्माण गरेका कार्यालय भवन, सडक, सडकपेटी, खेल मैदान, सार्वजनिक यातायात सुविधा, मनोरञ्जन पार्क, विपद्का दृष्टिले संरक्षित खुला स्थान, शैक्षिक संस्था, अस्पताल, होटेल तथा रेष्टुरेन्ट, किनमेल गर्ने केन्द्र, सभा-सम्मेलन गर्ने ठाउँ, एयरपोर्ट, बसपार्क, सिनेमा हल, थिएटर, मठ मन्दिर, सञ्चार गृह, ऐतिहासिक तथा पर्यटकीय स्थल, बाल उद्यानहरू जस्ता संरचनाहरू लगायत अन्य धेरै सेवा र प्रणालीहरू भने अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला, बालबालिकालगायत अन्य विभिन्न वर्ग र समूहका व्यक्तिहरूका लागि पहुँचयुक्त छैनन् । जसको फलस्वरूप उनीहरू सेवा-सुविधाहरूको सामान्य उपयोगबाट बञ्चित हुने हुनाले समाजमा समानरूपमा सक्रिय भएर योगदान गर्नबाट समेत बञ्चित रहँदै आएका छन् ।

भौतिक संरचनाहरू सहज र सबै किसिमका प्रयोगकर्ताका लागि मैत्रीपूर्ण र पहुँचयुक्त भए भने विपद्को अवस्थामा सुरक्षित हुन, सुरक्षित ठाउँमा जान, राहत सामग्री वितरण गर्न र उपचारका सेवाहरू पुऱ्याउन पनि निकै सहज हुनेकुरा प्रमाणित भइसकेको छ । कुनै लगानीकर्ताले आफ्नो होटेल, सिनेमा हल वा सपिङ सेन्टर सबैका लागि पहुँचयुक्त हुनेगरी बनाउनुभनेको कुनै दया वा उपकार नभएर ग्राहकको सङ्ख्या थप गर्नु र व्यापारमा वृद्धि गर्नु हो । सरकारले सबै नागरिकले सेवा-सुविधा लिन र उपयोग गर्न सक्नेगरी संरचना र प्रणालीहरू बनाउनु कुनै अनुत्पादक खर्च नभएर लगानी हो किनभने यसले अवरोधहरूका कारण परनिर्भर भइरहेको र निस्क्रिय जीवन बाँचिरहेको मानिसहरूको समूहलाई स्वतन्त्ररूपमा सार्वजनिक जीवनमा आर्थिकलगायत अन्य विभिन्नरूपले सक्रिय हुन मद्दत गर्छ । त्यसको फाइदा राज्यले लिन सक्छ । सरकारद्वार भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि मैत्रीपूर्ण बनाउन नियम र मापदण्डहरू पनि लागू भैसकेका छन् जसको पालना गर्नु सरकार लगायत सबै सरोकारवाला निकायको दायित्व हो ।

विनाशकारी भूकम्पपछि देशले अर्थतन्त्रनै अप्ठेरोमा पर्ने गरि धेरै ठूलो क्षति बेहोर्नु पऱ्यो । तर देश अहिले अझ राम्रो बनाउने (Build Back Better) प्रतिबद्धतासहित पुनःनिर्माणमा अगाडि बढेको हुनाले पुनःनिर्माणलाई सुन्दर अवसरको रूपमा लिएर भविष्यका संरचनाहरू सबैका लागि पहुँचयुक्त, पहिलेभन्दा दिगो र सुरक्षित बनाउनु सरकारलगायत यस पुनःनिर्माणमा सहयोग गर्ने सबै सरोकारवालाको साझा दायित्व हो । त्यसका लागि युनिभर्सल डिजाइनको सिद्धान्त, पहुँचयुक्त संरचनासम्बन्धी न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डहरू र सरकारले सुनिश्चित गरेका मापदण्ड र निर्देशिकाहरूको प्रभावकारी पालना गर्नु अनिवार्य छ ।




### यसरी स्थापित गरियो अपाङ्गता भएका व्यक्तिहरूको

# राजनीतिक अधिकार

## नेपालको संविधान (२०७२) मा



● **नरबहादुर लिम्बू**

नेपाली भाषालाई भारतको संविधानको आठौं अनुसूचीमा पारी राष्ट्रिय भाषाको मान्यता दिलाउन त्यहाँका सांसद श्रीमती दिलकुमारी भण्डारीले रोएर सम्पूर्ण संसद् सदस्यलाई भावविह्वल बनाएको र नेपाली भाषालाई राष्ट्रिय भाषाको मान्यता दिलाएको समाचार म सानै हुँदा सुनेको हुँ ।

जनतान्त्रिक सवाललाई सम्बोधन गराउन तत्कालीन राष्ट्रिय पञ्चायतका जनपक्षीय सदस्य पद्मरत्न तुलाधरले राष्ट्रिय पञ्चायतको बैठकमा बलिन्द्र आँशु झारेर रोएको घटना वि.सं. २०४०-४१ को हो ।

महिला अधिकारसम्बन्धी विधेयक वि.सं. २०६५-६६ तिर संविधानसभाबाट पारित हुँदा समाजसेवी अनुराधा कोइराला खुशीले भावविभोर भएर



संविधानसभाका सबै सदस्य बाहिरिइसक्दा पनि अनवरत ताली बजाइरहेको सन्दर्भ पनि ताजै छ ।

अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार नेपालको संविधान (२०७२) मा दर्ज गराउनेक्रममा तेस्रो जन–आन्दोलनको सफलता र त्यसपछिको बृहत शान्ति सम्झौतापछिको नेपालको अन्तरिम संविधान, २०६३ को मस्यौदा तयारी समितिको गठनैदेखि लागियो । अधिकार स्थापनार्थ धेरै शीर्ष नेताका दैलो चहारियो । मध्यम तहका नेता गुहारियो । दौडधुपको क्रममा अपाङ्गता अधिकारकर्मीका जुत्ता त कति फाटे कति !! तर पनि मस्यौदा समितिमा प्रतिनिधित्वको कुरा त परै जाओस्; सामाजिक न्यायको हकमा समेत अपाङ्गता समुदाय समेटिन सकेन, जुन मौलिक हकको मूल कडी थियो । त्यस धारामा नपरेकै कारण अन्तरिम संविधानको अवधिभरि अपाङ्गता भएका व्यक्तिहरूले न त राजनीतिक अधिकार पाए न त समावेशीको खाकामा परेर विकासको मूलप्रवाहमा प्रवाहित हुनै पाए ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बन्यो । राजा ज्ञानेन्द्रले सहजै नारायणहिटी दरबार छाडी सामान्य नागरिकको जीवन यापन गर्न स्वीकार गरी शिवपुरी दरबारमा सरे ।

प्रत्यक्ष निर्वाचित २४०, विभिन्न वर्ग, जाति, लिङ्ग र सीमान्तकृत समुदायबाट समानुपातिक प्रतिनिधित्व गराउने ३३५ र मन्त्रिपरिषद्बाट विज्ञ र राजनीतिक दलहरूको आँखाबाट छुटेका समुदायबाट मनोनीत गर्ने गरी भनी व्यवस्था गरिएका २६ जना गरी ६०१ सदस्यीय जम्बो संविधानसभा बन्ने भयो । वि.सं. २०६४ चैत २९ गते पहिलो संविधानसभाको निर्वाचन भयो । एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) क्रमशः पहिलो, दोस्रो र तेस्रो ठूला दल बने ।

सामुदायिक प्रतिनिधित्व र अधिकारमुखी अवधारणाका आधारमा भन्दा आफ्नो पूर्व वचनबद्धताबमोजिम ५ सिट पाएको नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले बहिरा राघववीर जोशीलाई संविधानसभामा पठाएर उदाहरणीय काम ग¥यो ।

राष्ट्रिय अपाङ्ग महासङ्घको तत्कालीन नेतृत्व र अन्य आबद्ध संस्थाका प्रतिनिधि र अपाङ्गता अधिकारकर्मीहरूबाट संविधानसभामा आफ्नो प्रतिनिधित्वका लागि तीन वटै शीर्ष दलका ढोका चहार्ने, मागपत्र पेश गर्ने र अल्टिमेटम दिने काम भए तर सबैले हुन्छ भने पनि काम चाहिँ नगर्ने छाँट देखियो । स्वयं अपाङ्गता भएका व्यक्तिहरूमा पनि समुदायको प्रतिनिधित्वभन्दा *म पर्न पाए हुन्थ्यो* भन्ने भित्री मनशायले जरा गाड्न थाल्यो । व्यक्तिगत दौड पनि चल्यो तर कुनै दल वा दलका नेताविशेषले टेरपुच्छर लगाएनन् ।

यसैक्रममा नेत्रहीन सङ्घ कास्कीका तत्कालीन सचिव लक्ष्मण सुवेदीका साथै श्रीकान्त सापकोटा र खोमराज शर्मा जस्ता दृष्टिविहीन युवाले त्यतिबेला संविधानसभामा सबैभन्दा ठूलो दल एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सँग उहाँकै निवासमा भेटघाटको कार्यक्रम मिलाउनुभयो । भेटमा प्रतिनिधित्वको प्रस्ताव राखियो । पहिलो भेटमै प्रचण्ड बडो मृदुभाषी लाग्यो । उहाँले प्रस्तावलाई सहर्ष स्वीकार्नुभयो । एक जना तपाईँहरूको तर्फबाट संविधानसभा सदस्य

बनाएर छाड्छु भनी न्यानो प्रतिबद्धता जाहेर गर्नुभयो ।

यो अप्ठ्यारो अवस्थामा महासङ्घ नेतृत्वको शाख जोगाउन र अपाङ्गता भएकाहरूको अधिकार–आन्दोलनलाई उचाइमा पुऱ्याउन प्रचण्डले दिनुभएको आश्वासनलाई आधार बनाएर आमरण अनसनको घोषणा गरी तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारलाई चुनौती दिने गोप्य रणनीति अपनाइयो । यो वास्तवमा अति गोप्य भनी हालसम्म प्रचार-प्रसार गरिएको थिएन । अब त संविधान पनि आइसक्यो । अपाङ्गता भएका व्यक्तिहरूका



राजनीतिक अधिकार पनि केहीहदसम्म भए पनि स्थापित भइसके । तसर्थ, यो विषयलाई अपाङ्गता जनसमक्ष ल्याउँदामा तत्कालीन अवस्थामा नेपथ्यमा रहेर सघाउनेहरूको पनि कामको कदर होला भनी उल्लेख गर्न खोजिएको हो ।

रणनीतिलाई सार्थक तुल्याउन तत्कालीन महासङ्घको नेतृत्वसहितको बैठक गर्न प्रचण्ड निवास नयाँ बजारमा फेरि समय मिलाउने जिम्मा कास्केली दृष्टिविहीन युवालाई दिइयो । तुरून्तै समय मिल्यो पनि । भेटघाट भयो । अपाङ्गता भएका व्यक्तिहरूको अवस्था, उनीहरूलाई लामो समय आमरण अनसनमा राख्न नसकिने, अनसन बसेकै दिन सकेसम्म एमाओवादी अध्यक्षले अनसनस्थल पुगेर संविधानसभामा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउने र अनसन तोड्ने पक्का-पक्की भयो । दश वर्ष जनयुद्ध चलाएर आएको नेताको मृदु बोली, सकारात्मक सोच, सबै वर्गको प्रतिनिधित्व संविधानसभामा हुनुपर्छ भन्ने सहिष्णु अडान देखेर हामी निकै प्रभावित भयौं । पुरानो दलका पुराना संयन्त्रहरूले त कतै जडसूत्र शैली, परम्परागत सोच, व्यवहार र निकटतावादी प्रश्रयलाई संरक्षण गरिरहेको छैन भन्ने लाग्यो ।

आश्वासनबाट ढुक्क भएपछि पत्रकार सम्मेलन गरी आमरण अनसनको घोषणा गरियो । त्यसको जानकारी प्रधानमन्त्री कार्यालयमा पठाइयो । कुनै प्रतिक्रया नआएकाले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका स्वकीय र राजनीतिक सल्लाहकारलाई फोन गरी अपाङ्गता भएकाहरूको आमरण अनसन, अन्य आन्दोलनका कार्य र यसमा सरकारको धारणा माग गरियो । प्रति–उत्तरमा ज्यानै जाने आन्दोलन तुरून्तै रोक्ने सल्लाह आयो । तर, योजनाबद्ध आमरण आन्दोलन रोकिने कुरै भएन ।

माइतीघर मण्डलामा आमरण अनसनको कार्यक्रम सुरु भयो । आमरण अनसनमा बस्न तँछाड–मछाड भयो । इच्छुकजतिलाई फूलमाला लगाएर आमरण अनसन आरम्भ भयो । त्यसै दिनको ठीक साढे ६ बजे एमाओवादी अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल पत्नी सीता र आफ्ना कार्यकर्तासहित मण्डला आइपुग्नुभयो । हामी आन्दोलनकारी भर्सेला नपर्ने भयौं भनी भित्रभित्रै खुशी भयौं ।

माइकबाट प्रचण्डले **तपाईँहरूका माग पूरा गर्न एनेकपा (माओवादी) दल तयार छ । एक जना अपाङ्गता भएका व्यक्तिलाई हाम्रो पार्टीले संविधानसभामा लगेरै छाड्छ । तपाईँहरू आमरण अनसन आजकै मितिदेखि बन्द गर्नुहोस्** भनी सार्वजनिकरूपमा घोषणा गरी जुस खुवाएर अनसन तोडाउनुभयो । यसरी एकै दिनमा आमरण अनसन जस्तो आन्दोलन सफल भयो ।

संविधानसभा सदस्य बन्नका लागि दौडधुप मच्चियो । इच्छुक त धेरै थिए तर नेपाल अपाङ्ग महिला सङ्घ र अन्य केही अपाङ्गता भएका व्यक्तिहरूका संस्थाले महिला, जनजाति र अपाङ्गतालाई समेत गरी तीन वटै क्षेत्र

समेट्न सक्ने गोरखा निवासी इन्द्रमाया गुरुङलाई प्रचण्डसमक्ष पुऱ्याएर उहाँलाई नै संविधानसभाको सदस्य बनाउन अनुरोध गरे अनुसार एमाओवादी पार्टीका तर्फबाट गुरुङलाई संविधानसभाको सदस्य बनाइयो ।

यसरी प्रथम संविधानसभामा अपाङ्गता



समुदायबाट दुई जना संविधानसभा सदस्य भए पनि अधिकारमुखी अवधारणा अनुरूप अपाङ्गता समुदायको सम्मानजनक राजनीतिक प्रतिनिधित्व भने गराउन सकिएन ।

संविधानमा आफ्ना अधिकार स्थापित गर्न विभिन्न जाति, समुदाय, वर्गविशेष, लिङ्गविशेष थुप्रैले थुप्रै आन्दोलन चलाए । नेपाल बन्द गरे । चक्काजाम, सिंहदरबार घेराउ, संविधानसभा भवन घेराउ आदि अनगिन्ती विरोध कार्यक्रम चलाए । आञ्चलिक र क्षेत्रीय बन्द कार्यक्रम पनि सञ्चालन गरे ।

दलहरू स्वयं पनि कुन विषय कसरी सम्बोधन गर्ने, भौगोलिक हिसाबले प्रदेश विभाजन कसरी गर्ने, स्रोत, साधन र सामर्थ्यका दृष्टिले सङ्घीयतालाई कसरी मिलाउने भन्ने विषयमा अलमल्ल परेका थिए । एउटा नेताले एकथोक भन्थे त अर्काले अर्कै । शासकीय स्वरूपमा उस्तै गल्फत्ति थियो । आत्मनिर्णयसहितको सङ्घीय प्रदेश र सङ्घीय अधिकार प्राप्त प्रदेशमा पनि दल र नेताहरू प्रष्ट हुन निकै समय लाग्यो । समावेशी खाकामा पर्नुपर्ने वर्ग, वर्ग समुदाय, जाति समुदाय, लैङ्गिकविशेषमा सबैभन्दा बढी उत्पीडित, युगौंदेखि अधिकारबाट बञ्चित, शोषित र अति सीमान्तकृत अपाङ्गता समुदायलाई पनि पार्नुपर्छ भन्ने सोच न त दलका नेतामा थियो न त नागरिक समाज, योजनाविद्, अथवा बुद्धिजीवीहरूको दिमागमै ।

जो चर्को बोल्यो, जसले बढी जमात बटुलेर लम्बेतान लस्कर लगायो, उसैको मात्र कुरा सुन्ने सस्कृति बस्न खोजिसकेको थियो । अपाङ्गता भएका व्यक्तिहरू न त कान फुट्नेगरी हल्ला गर्न सक्थे, न त हुल-हुज्जत गर्नै । तोडफोड र बन्द कार्यक्रम त चलाउन सक्ने कुरै भएन ।



नैतिकता र कानुनको पालना बढी कमजोर व्यक्तिले गर्छ भनेझैँ बडो शालिनता एवं भद्रतासाथ साधु भई नेताहरूकहाँ कुरा राखिन्थ्यो । सबैले हुन्छ, तपाईँहरूको नभएर कसको हुन्छ, बरू अरू नेताहरूलाई पनि भेट्नुहोस् है भनेर फुरुक्क पारेर पठाउँथे तर निर्णयको टेबुलमा बस्दा सबैले अपाङ्गता भएकाहरूका पीडा र माग बिर्सन्थे । शिक्षा, स्वास्थ्य, रोजगारी, भत्ता आदि जनजीविकाका सवालमा भने अपाङ्गता समुदायलाई नेताहरू सम्झन्थे । *यिनीहरू दिएर खाने हुन्* भन्ने मानसिकता थियो । *पस्केर खान र पस्केर अरुलाई पनि दिन सक्छन्* भन्ने विषयमा कत्ति

पनि विश्वस्त थिएनन् ।

केही सभा एवं गोष्ठी गरियो । छायाँ संविधान बनाइयो । अपाङ्गता भएका इन्द्रमाया गुरुङ र राघववीर जोशीका साथै शारदा कुमाल, प्रदीप ज्ञवाली आदि सभासदलाई समावेश गरी अपाङ्गताको सवाल उठान गर्न *ककस* समेत बनाइयो । तर पनि, पहिलो संविधानसभाले बनाएको संविधानको मस्यौदामा शिक्षा, स्वास्थ्य, रोजगार, ब्रेललिपिका माध्यमबाट दृष्टिविहीनलाई र साङ्केतिक भाषाका माध्यमबाट बहिरालाई पठन-पाठन गराइनेछ भन्नेसम्म पार्न सकियो । नभई नहुने सामाजिक न्यायको हक अन्तर्गत राज्यका निकायहरूमा समानुपातिक प्रतिनिधित्व, राष्ट्रियसभामा प्रतिनिधित्व जस्ता महत्वपूर्ण धारा, जसले अपाङ्गता भएका व्यक्ति एवं समुदायको राजनीतिक अधिकारलाई सम्बोधन गर्थ्यो, अपाङ्गताका यस्ता सवाल पार्न भने सकिएन ।

राजनीतिक दलका नेता समझदार छन्, अपाङ्गताप्रति उनीहरू संवेदनशील छन् भन्ने बुझाइका साथ अपाङ्गता समुदाय मर्यादित अभियान चलाउन व्यस्त रह्यो । तर, समय जति घर्क्यो उति राजनीतिक अधिकार स्थापित हुने कुरामा आस्वस्त हुन सकिएन ।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष सुदर्शन सुवेदीको नेतृत्वमा नेपाल अपाङ्ग महिला सङ्घ, नेपाल नेत्रहीन सङ्घ, स्वावलम्बी जीवन पद्धति, अपाङ्ग मानव अधिकार केन्द्र, बौद्धिक अपाङ्ग महासङ्घलगायत अरू अपाङ्गता भएका व्यक्तिहरूबाट सञ्चालित संस्थाका प्रतिनिधिहरूले प्रायः सबै दलका शीर्ष नेताहरूका साथै संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङसँग झण्डै आधा दर्जनभन्दा बढी पटक भेटेर आफ्ना सवाल राख्ने काम भयो । आश्वासन बटुलियो । नेताहरूबाट **हुन्छ, मेरोतर्फबाट हुन्छ, अरूलाई पनि भन्नुहोस्** जस्ता अधुरा प्रतिबद्धता थुप्रै पाइयो ।

कतिपय अपाङ्गता भएका साथीले त मूल



सवाल "राजनीतिक अधिकार" लाई बिर्सिई वा त्यसको महत्व नबुझी कल्याणकारी भावनाका लागि मस्यौदामा समेटिएका कुराहरूलाई नै उपलब्धि हो भनी खुशी नमनाएका पनि होइनन् । यथार्थमा धारा ४२, ८४ र राष्ट्रियसभाको व्यवस्थासम्बन्धी धारामा नपरेसम्म अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार सुरक्षित हुनेवाला कदापि थिएन । तसर्थ, मागहरूमा सम्झाई बुझाई अपाङ्गता अधिकारकर्मीबीच छलफल गरी संविधान निर्माणको उत्तरार्द्धकालमा बढी जोडतोडसँग लागियो ।

संविधान घोषणा हुन एक महिनामात्र बाँकी थियो । धेरै अपाङ्गता भएका व्यक्तिहरू त राजनीतिक अधिकार पाइन्छ भन्ने विषयमा निराश भइसकेका थिए । राष्ट्रिय अपाङ्ग महासङ्घको वर्तमान नेतृत्वले उपलब्धि हासिल गर्न कुनै पनि हालतमा सक्दैन भनी काखी बजाउनेहरू पनि नदेखिएका होइनन् । *कस्ता कस्ताको त अधिकार छुटेको छ, हामी अपाङ्गता भएकाहरूको राजनीतिक अधिकार कसरी स्थापित हुन्छ ? यो असम्भव छ* भन्न लागेका थिए । भातृ संस्थाका नेतृत्व पनि राजनीतिक अधिकार प्राप्तिमा पूर्णरूपले ढुक्क हुन सकेका थिएनन् ।

महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी लगायत जगदीशप्रसाद अधिकारी, भोजराज श्रेष्ठ, विकास थापा, निर्मला धिताल, कुमार रेग्मी (बहिरा), टेकनाथ न्यौपाने, बालकृष्ण गैरे, राजु

बस्नेत, मुकुन्दहरि दाहाल, गणेश के.सी. कृष्ण गौतम, अनिता गैरे, मीना पौडेल, लेखक स्वयंलगायत केही अपाङ्गता अधिकारकर्मीको एउटा समूह जसरी पनि अपाङ्गता भएका व्यक्तिहरूका राजनीतिक अधिकार स्थापना गरेरै छाड्ने अभियानमा जुट्यो ।

तत्कालीन नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री सुशील कोइराला, नेकपा (एमाले) का अध्यक्ष के.पी. शर्मा ओली, एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाल, मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदारलगायत सबै दलका दोस्रो शीर्ष नेताहरूलाई दल-दल, घर-घर र संसदीय दलका कार्यालय, जहाँ सम्भव छ, त्यहीँ भेट्ने कार्यमा टोली जुट्यो । फोन आउनासाथ जुनसुकै अवस्थामा भए पनि हिंड्ने *हाइएलर्ट* मा रहियो । सहयोगको काम माइ राइट नेपाल र त्यस संस्थाका रष्ट्रिय निर्देशकद्वय शिव रायमाझी र सुजना शाक्यले गरिरहनुभयो ।



सुदर्शन सुवेदीले २०७२ भदौ ७ गतेको बिहान पाँचै बजे प्रचण्डसँग भेटको समय मिलेकाले साढे ६ बजे नै लाजिम्पाट पुग्ने उर्दी जारी गर्नुभयो । ठीक समयमा सबै पुग्यौं । बैठक कक्षमा सबै भेला भयौं ।

एमाओवादी अध्यक्ष पुष्पकमल दाहालसँग महासङ्घका अध्यक्षलाई माग प्रस्ताव राख्ने जिम्मेबारी दिइयो । उहाँले पूरै गला अबरुद्ध गरी आँखाबाट बलिन्द्र आँशु झारी "भिखै सही, संविधानमा जसरी भए पनि अपाङ्गता भएकाहरूलाई राजनीतिक अधिकार दिलाई दिनुहोस्" भनी धर्धरी रूँदा हामी सब अवाक र संवेदनाले द्रविभूत भयौं । पुष्पकमल दाहालका पनि आँखा आँशुले भरिए । कुरा राख्न बडो मुस्किल पर्‍यो । बल्लतल्ल मन सम्हालेर मागहरूलाई प्रष्ट्याउने काम गरियो ।

प्रचण्डले पनि बडो भावुक भई मिल्ने भए त्यहीँ नै माग पूरा गरौंलाइँ गरी "जसरी भए पनि तपाईंहरूलाई राजनीतिक अधिकार मिल्छ । त्यसका लागि म सक्दो काम गर्छु" भनी दह्रो आश्वासन दिनुभयो । अलि आनन्दको सास फेर्दै फोटो खिचेर त्यहाँबाट बिदा भयौं । यो पैरवीको शैली बडो नयाँ र चामत्कारिक थियो । सबै अचम्मित र भावबिह्वल पनि भयौं ।

त्यसपछि विजयकुमार गच्छदार, सुशील कोइराला, के.पी. शर्मा ओलीलाई भेट्नु थियो । उहाँहरूको समय मिल्न बडो मुस्किल परिरहेको थियो । स्वकीय सचिवहरूले पनि समय मिलाउन सकिरहेका थिएनन् । एमाले नेता प्रदीप ज्ञवाली, एमाओवादी सभासद योगेन्द्र घिसिङ, एमाले सभासद दामोदर भण्डारी, मधु गुरूङ, काँग्रेस सभासद उषा गुरूङ, मालेका सभासद आइन्द्रसुन्दर नेम्बाङ आदिले बडो सहयोग गर्नुभयो ।

यति हुँदाहुँदै पनि नागरिक सम्बन्ध समितिको सिफारिशमा जबसम्म पर्दैन तबसम्म राजनीतिक संवाद समितिले सिधै संविधान मस्यौदामा पार्न नसक्ने प्राविधिक समस्या थियो । त्यसका लागि महासङ्घका अध्यक्ष सुदर्शन सुवेदी र विकास थापा, भोजराज श्रेष्ठ आदिले रातोदिन सिंहदरबारभित्र रहेको राज्य व्यवस्था समितिको हलबाहिर कुरेर नागरिक सम्बन्ध समितिका सभापतिलाई भेटेर सवाललाई दर्ज गर्न लगाई बडो ठूलो काम गर्नुभयो ।

राजनीतिक संवाद समितिका सभापति डा. बाबुराम भट्टराई, काँग्रेसका नेता रामचन्द्र

लमजुङ दर्पण — समाचार तथा विविध — २०७२ साउन १९ गते मंगलबार — २

# राजनीतिक अधिकार सुनिश्चित गर्न माग

■ लमजुङ दर्पण समाचारदाता

बेसीशहर, १८ साउन । संविधानबाटै राजनीतिक अधिकार सुनिश्चित गर्न लमजुङका अपांगता भएका नागरिकले माग गरेका छन् । राजनीतक दलले आफूहरुलाई भोट बैंकको रुपमा प्रयोग गरेको भन्दै अधिकार प्रत्यायोजनका लागि राजनीतिक अधिकार सुनिश्चित गर्न माग गरेका हुन् ।

मागसहित अपांग संरक्षण समाजको आयोजनामा उनीहरुले सोमबार बिहान साँढे ७ बजेदेखि साँढे ८ बजेसम्म बेसीशहरको मजुवाखोला पुलमा चक्काजाम गरेका थिए । ब्यानरसहित उभिएका उनीहरुले यातायात आवागमनमा अवरोध पुऱ्याउँदा




यात्रुले सास्ती खेप्नुपरेको थियो ।

अपांगता सवालहरुको विषयमा आवाज उठाउँदा पनि सम्बन्धित निकायले चासो नदिएको भन्दै आन्दोलन गर्नुपरेको उनीहरुको भनाइ थियो । संविधानमा अपांगता भएका व्यक्तिहरुको राजनीतिक अधिकारलाई वेवस्ता गरी संविधान जारी गर्न लागिएको भन्दै उनीहरुले विकासका साझेदार आफूहरुलाई पनि अधिकारबाट वञ्चित नगराउन आग्रह गरेका थिए ।

अपांग संरक्षण समाजले केन्द्रीय प्रतिनिधि सभामा समानुपातिक सिटका लागि भनी छुट्याएको ४० प्रतिशतमध्ये अपांगता भएका ब्यक्तिहरुका लागि ५ प्रतिशत आरक्षण गरी राष्ट्रिय सभा र प्रान्तीय प्रतिनिधि सभामा समेत सोही अनुपातमा अपांगता भएका व्यक्तिहरुलाई अनिवार्य सहभागिता गराउने गरी संविधानमा सुनिश्चित गर्नुपर्ने माग गरेका छन् । आरक्षणभित्रको आरक्षण सिद्धान्तअनुसार विभिन्न सिमान्तकृत बर्गको उल्लेख गर्दा जनजाति, महिला, दलित, मधेशी, अल्पसंख्यक भनिएकोमा अपांगता भएका व्यक्ति भनी संविधानमा राख्नुपर्ने, राज्य पुनसंरचनाका हरेक अंग शासकीय स्वरुप र राज्यका प्रदेश विभाजन हुँदा अपांगता भएका नागरिकलाई समानुपातिक सहभागिताको सूचिमा राख्न नयाँ संविधानमा ब्यवस्था गर्नुपर्ने माग गरेका छन् । आफ्ना मागहरुलाई सम्बोधन नगरिए चरणवद्ध आन्दोलन थाल्ने अपांग संरक्षण समाज लमजुङका अध्यक्ष चन्द्रकान्त पौडेलले चेतावनी दिनुभयो । राष्ट्रिय जनगणना २०६८ काअनुसार लमजुङमा २ हजार २ सय १३ महिला र २ हजार ५ सय ३२ पुरुष गरी कूल ४ हजार ७ सय ४५ जना व्यक्तिहरु अपाङ्गता भएका रहेका छन् ।

**बेसीशहरको....**

अघिनै निर्माण कार्य सकाउन भनिएको तर कारणवश ढिलाई गरेकाले सवारी आवागमन, स्थानीयबासी, पैदलयात्रुलाई समस्या भएको गुनासो आएपछि थप व्यवस्थित तरिकाले कामगर्न टेलिकमलाई आग्रह गरेको सडक डिभिजन कार्यालय नं १ दमौलीका प्रमुख बेलबहादुर भुजेलले बताउनु भयो । आउँदो भदौं २० सम्म निर्माणको सम्झौता रहेको तर सो समय अगावै काम सकिने जानकारी टेलिकम बेसीशहरका प्रमुख शुभाष न्यौपान दिनुभयो । सडक विभाग र नगरपालिका लगायतका निकायसँग समन्वय गरि काम गरिएको र सकेसम्म व्यवस्थित तरिकाले काम गराउन निर्माण व्यवसायीलाई सुझाएको पनि उहाँले भन्नु भयो । सो कार्यका लागि टेलिकमले सडक विभागमा १३ लाख र बेसीशहर नगरपालिकामा ४ लाख रुपैयाँ धरौटी समेत जम्मा गराएको बताईएको छ । केहीमहिना अघिसम्म सम्झौता भएको चारवर्ष वित्दा समेत मर्मतकार्य नगरिएपछि झिंगोखोलाको सडक खण्ड भत्किएर हैरानी व्यहोरेका थिए । त्यस्तै मालपोतचोक बाट प्रशासन कार्यालय जाने सडकखण्ड भत्किएर वर्षौंसम्म सास्ती खेपिरहे । उता, शेराबजारबाट मजुवाखोलाको पुलसम्मको सडकखण्डले यात्रु, सवारी मजदुर र पैदलयात्रीलाई धेरै वर्ष धुरुक्कै रुवायो, अहिले केही सुधार भएको छ । यहाँका सर्वसाधारणले सडक सास्ती भोगी रहेपनि यतातिर सम्बन्धित निकायको ध्यान जान नसकेको सर्वसाधारणको गुनासो छ ।

**बट्टाको..**

जन्मेदेखि दुई वर्षसम्मका बच्चाले नियमित स्तनपान गराउँदा १३ प्रतिशत बाल मृत्युदरमा कमी आउने दाबी गरेको छ । नेपालमा बालबालिकाको कुल मृत्युदरको ४५ प्रतिशत कुपोषणबाट हुने गरेको छ, यसको मुख्य कारण समयमा शिशुलाई स्तनपान नगराउनाले नै भएको मानिएको छ । पछिल्लो समय महिलामा शारीरिक सौन्दर्य बिग्रिने भ्रमका कारण बच्चालाई निश्चित समयसम्म स्तनपान गराउन छोडेको सरोकारवालाको तर्क छ । तर, स्तनपान गराउदा बच्चालाई मात्र नभएर आमालाई समेत फाइदा पुग्ने स्वास्थ्य बिशेषज्ञहरु बताउँछन् । अर्कोतर्फ बच्चा जन्मिनेबित्तिकै आफ्ना परम्परागत संस्कृतिअनुसार अन्य खानेकुरा चटाउने/खुवाउने गरिने काम अत्यन्त खतरापूर्ण भएको चिकित्सक बताउँछन् । पूर्णस्तनपानले बच्चाका लागि कुपोषण र सङ्क्रमणको रोकथाम हुने र आमाका लागि सुत्केरीपछि हुने रक्तस्रावबाट जोगिने, अर्को गर्भ रहनबाट जोगिने तथा अनुहारको सुन्दरतासमेत बढ्ने महाशाखाले जनाएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले यसका महत्वका बारेमा आमा, समुदाय एवम् देशलाई नै सचेतना जगाउन सन् १९९२ देखि हरेक अगस्ट महिनाको पहिलो हप्तालाई स्तनपान दिवसका रुपमा मनाउँदै आएको छ । आमाले आफ्नो दूधको महत्वका बारेमा अनभिज्ञता भएकै कारणले यस्तो अवस्था आएको सङ्गठनले

---

पौडेल, कृष्ण सिटौला, एमाले नेता भीम रावल आदि धेरै नेतालाई भेटेर पैरवी गरियो । यति भइसक्दा पनि ठूला दलका सबै शीर्ष नेताहरूलाई एकै ठाउँमा भेट गराएर प्रतिबद्धता लिने काम हुन सकेको थिएन ताकि उहाँहरू सबैलाई अपाङ्गता भएका व्यक्तिहरूका राजनीतिक अधिकार दिलाउने काममा जिम्मेबार बनाउन सकियोस् । त्यो काम प्रधानमन्त्री सुशील कोइरालाका स्वकीय सचिव अतुल कोइरालाको सहयोगबाट सम्भव भयो ।

संविधान मस्यौदालाई अन्तिम रूप दिन भनी काँग्रेस सभापति तथा प्रधानमन्त्री सुशील कोइराला, एमालेका अध्यक्ष के.पी. शर्मा ओली, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल, फोरम (लोकतान्त्रिक) का विजयकुमार गच्छदारलगायत शेरबहादुर देउवा, कृष्ण सिटौला सबै सँगै बसेको ठाउँमा प्रवेशको व्यवस्था अतुल कोइरालाले मिलाइदिनुभयो । यसमा काँग्रेस सभासद उषा गुरूङले पनि यथेष्ठ प्रयास गर्नुभयो । पत्रकारहरूको मद्दतले उहाँहरू सबैबाट प्रतिबद्धता लिई मिडियामा प्रचार-प्रसार गरियो ।

परिणामतः वि.सं. २०७२ असोज ३ मा संविधान घोषणा हुँदा अपाङ्गता भएका व्यक्तिहरू पनि राजनीतिक अधिकारसम्पन्न हुन पाए । वर्षौंदेखिको उत्पीडन समाप्त हुने मार्ग देखापऱ्यो । राजनीतिक अधिकार र अन्य अधिकार छुट्याउन सक्ने अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता अधिकारकर्मीहरूको खुशीको सीमा रहेन ।

यसरी, वर्षौंको अधिकारको लडाइँ जितियो । नेपाली अपाङ्गता भएकाहरू पनि नागरिक अधिकारले सुशोभित हुन पाए । सम्भवतः एसियामा मात्र नभएर विश्वमै अपाङ्गता भएका व्यक्तिहरूले यतिको दह्रो र फराकिलो संवैधानिक अधिकार पाएका छैनन् । यो सबै नेपाली अपाङ्गता अधिकारकर्मीहरूको मेहनतको परिणाम हो । तसर्थ, यसको सफल कार्यान्वयनको जिम्मा पनि तिनकै काँधमा छ ।

*(लेखक नेपाल नेत्रहीन सङ्घका कार्यकारी सल्लाहकार हुनुहुन्छ ।)*

# नेपालको संविधान (२०७२) मा समेटिएका हाम्रा सवाल

नेपाली नागरिक भएको हैसियतले यस संविधानमा उल्लेख भएका सबै अधिकार अपाङ्गता भएका व्यक्तिहरूले अन्यसरह समान आधारमा निर्वाधरूपमा उपयोग गर्न पाउँछन् । यद्यपि, यसबाहेक नेपालको नयाँ संविधानमा अपाङ्गता भएकै कारण नागरिकले पाउनुपर्ने केही विशेष अधिकारहरूसहित विशेष व्यवस्थाहरूसमेत गरिएका छन्, जो यस प्रकार छन् :



**प्रस्तावना (चौथो अनुच्छेद)**

... ... वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै,

**भाग ३ : मौलिक हक**
**धारा १८ : समानताको हक**
**उपधारा २ :**

सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्यस्थिति, वैवाहिकस्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

**उपधारा ३ :**

राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्लसङ्ख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिकरूपले विपन्न खस आर्यलगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**धारा २४ : छुवाछूत तथा भेदभावविरूद्धको हक**
**उपधारा १ :**

कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

**उपधारा ३ :**

उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा निच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

**उपधारा ५ :**

यस धारा प्रतिकूल हुनेगरी भएका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ३१ : शिक्षासम्बन्धी हक**

**उपधारा ३ :**

अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

**उपधारा ४ :**

दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

**धारा ३९ : बालबालिकाको हक**

**उपधारा ९ :**

असाहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट संरक्षण र सुविधा पाउने हक हुनेछ ।

**धारा ४२ : सामाजिक न्यायको हक**

**उपधारा १ :**

सामाजिकरूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

**उपधारा ३ :**

अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ ।

**उपधारा ५ :**

नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन–आन्दोलन, सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितहरूलाई न्याय एवं उचित सम्मानसहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुनबमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

**धारा ४३ : सामाजिक सुरक्षाको हक**

आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

**भाग ८ : सङ्घीय व्यवस्थापिका**

**धारा ८४ : प्रतिनिधिसभाको गठन**

**उपधारा २ :**

समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ ।

**उपधारा ३ :**

उपधारा २ बमोजिम राजनीतिक दलले उम्मेदवारी

दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने छ ।

**धारा ८६ : राष्ट्रियसभाको गठन र सदस्यहरूको पदावधि**

**उपधारा २ :**

राष्ट्रियसभामा देहायबमोजिमका उनन्साठी सदस्य रहनेछन् :

क) प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखकको मतको भार फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक–सहित आठ जना गरी निर्वाचित ५६ जना ।

**भाग १४ : प्रदेश व्यवस्थापिक**

**धारा १७६ : प्रदेशसभाको गठन**

**उपधारा ६ :**

समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने छ ।

**उपधारा ७ :**

उपधारा ६ बमोजिम राजनीतिक दलले उम्मेदवारी दिँदा अपाङ्गता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने छ ।

**भाग २७ : अन्य आयोगहरू**

**धारा २५८ : राष्ट्रिय समावेशी आयोग**

**उपधारा ६ :**

देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय समावेशी आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्त हुन योग्य हुनेछ :

क) कम्तीमा १० वर्ष सामाजिक समावेशीकरण, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको क्षेत्र र वर्गको हक, हित वा विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको,

ख) अध्यक्षको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,

ग) पैँतालिस वर्ष पूरा गरेको,

घ) नियुक्तिहुँदाको वखत कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,

ङ) उच्च नैतिक चरित्र भएको ।

**धारा २५९ : राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार**

खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक एवं सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायको हक अधिकारको संरक्षणका लागि अध्ययन अनुसन्धान गर्ने ।

खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको समावेशीकरणका लागि नेपाल सरकारले अवलम्बन गरेको नीति तथा कानुनको कार्यान्वयनको अवस्थाको अध्ययन गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।

खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको राज्य संयन्त्रमा उचित प्रतिनिधित्व भए नभएको अध्ययन गरी त्यस्तो समुदाय, वर्ग र क्षेत्रको प्रतिनिधित्वको लागि गरिएको विशेष व्यवस्थाको पुनरावलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने ।

खण्ड (क) मा उल्लेखित समुदाय, वर्ग र क्षेत्रको संरक्षण, सशक्तीकरण र विकास सन्तोषजनक भए नभएको अध्ययन गरी भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।




## १६औं साधारणसभा तथा सातौं महाधिवेशन सम्पन्न

### राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको

# नयाँ केन्द्रीय कार्यसमिति चयन

पोखरा, पुस १३ । राष्ट्रिय अपाङ्ग महासङ्घ– नेपालले २०७२ साल पुस ११ र १२ गते सुन्दर पर्यटकीय नगरी पोखरामा आफ्नो १६औँ वार्षिक साधारणसभा तथा सातौं महाधिवेशन भव्यताका साथ सम्पन्न गरेको छ ।

यसै महाधिवेशनबाट संस्थाले आफ्नो २०७१ सालमा संशोधित नयाँ विधान अनुसार केन्द्रीय कार्य समितिको समेत निर्वाचन गरेको छ । कार्य समितिको अध्यक्ष पदमा सुदर्शन सुवेदी पुनः निर्वाचित हुनुभएको छ भने महिला उपाध्यक्षमा टीका दाहाल, वरिष्ट उपाध्यक्षमा देवीबहादुर पोखरेल, महासचिवमा राजु बस्नेत,

कोषाध्यक्षमा कुमार रेग्मी र सचिवमा ओमप्रकाश बञ्जाडे निर्वाचित हुनुभएको छ ।

महासङ्घको संशोधित विधान अनुसार केन्द्रीय कार्य समिति ३९ जनाको हुन्छ, जसमा अध्यक्षसहित ६ पदाधिकारी र ३३ सदस्य रहने व्यवस्था छ । समितिमा ३४ प्रत्यक्षरूपमा निर्वाचित हुने र ५ मनोनीत गरिने व्यवस्था छ । कार्य समितिमा अपाङ्गताका विभिन्न वर्ग, अशक्तताको अवस्था, अपाङ्गता भएका महिला, बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावक, ५ विकास क्षेत्र, कर्णाली क्षेत्र, दलित, जनजाति, मधेशीलगायतको प्रतिनिधित्व हुने व्यवस्था रहेको छ ।

# नव निर्वाचित कार्य समिति

## पदाधिकारी

**अध्यक्ष -** सुदर्शन सुवेदी (शारीरिक अपाङ्गता, पुरुष)
**महिला उपाध्यक्ष -** टीकादेवी दाहाल (शारीरिक अपाङ्गता)
**वरिष्ठ उपाध्यक्ष -** देवीबहादुर पोखरेल (शारीरिक अपाङ्गता, पुरुष)
**महासचिव -** राजु बस्नेत (बौद्धिक अपाङ्ता भएका व्यक्तिका अभिभावक, पुरुष)
**कोषाध्यक्ष -** कुमार रेग्मी (बहिरा व्यक्ति, पुरुष)
**सचिव -** ओमप्रकाश बञ्जाडे (दृष्टिविहीन, पुरुष)

## केन्द्रीय सदस्य

गोमादेवी पौडेल (महिला)
चन्द्रकान्त पौडेल (पुरुष)
सुगम भट्टराई (पुरुष)
सीता सुवेदी (महिला)
प्रमिला श्रेष्ठ जोशी (महिला)
निर्मलकुमार श्रेष्ठ (पुरुष)
यदुनाथ अधिकारी (पुरुष)
नीताकेशरी भट्टराई (महिला)
रविनकुमार मैनाली (पुरुष)
धर्मराज घिमिरे (पुरुष)
देवी आचार्य (महिला)
शिव श्रेष्ठ (पुरुष)
शिशिर खनाल (पुरुष)
अस्मिता भट्टराई (महिला)
रमेशलाल श्रेष्ठ (पुरुष)
कल्पना बज्राचार्य (महिला)
मदन महर्जन (पुरुष)
रामरतन हरिजन (पुरुष)
सतीशचन्द्र झा (पुरुष)
कामिनीदेवी (महिला)
उदयबहादुर लिम्बू (पुरुष)
तृप्ता मगर (महिला)
यमबहादुर बस्नेत (पुरुष)
गुणराज खतिवडा (पुरुष)
शिवकुमार ज्ञवाली (पुरुष)
देवीदत्त आचार्य (पुरुष)
मानबहादुर साउद (पुरुष)
नेत्र शाही (पुरुष)

## राष्ट्रिय अनुशासन आयोगतर्फ निर्वाचित

संयोजक : टेकनाथ न्यौपाने (पुरुष)
सदस्य : गोकर्णप्रसाद आचार्य (पुरुष) र भुमा चौधरी (महिला)

# अबको यात्रा



■ राजु बस्नेत

समय गतिशील हुन्छ । यसले कहिल्यै पनि र कसैलाई पनि पर्खंदैन । समयको घडीले निन्द्रा, आलस्य र भोक मेटाउन पर्खेर बस्दैन । समयको गतिसँगै हरेक व्यक्ति चलायमान हुने प्रयास गरिरहेका हुन्छन् । समाजमा रहेका हरेक गतिविधि समयको पाबन्दीसँगै स्थिर भएर बसिरहन चाहँदैनन् ।

अग्रगमनका चाहना गतिशील हुन्छन् । हरेक नाकरिकलाई समान अधिकार दिइनुपर्छ । अधिकार किस्ताबन्दीमा दिने कुरा होइन । मानव अधिकार कसैले दिने उपहार होइन । यो त सबैको जन्मसिद्ध हक हो । प्रत्येक मानिसले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा समान सहभागितासहित स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ भन्ने हामी मान्यता राख्छौं तर अपाङ्गता भएका व्यक्तिहरू, त्यसभित्र पनि पूर्ण अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले अझै पनि मानव अधिकारको प्रत्याभूतिसहित आत्मसम्मानको अनुभूति गर्न सकेको अवस्था छैन ।

एक्काइसौं शताब्दीको विज्ञानको नवीनतम उपयोग गर्दै राज्य सङ्घीय गणतन्त्रमा प्रवेश गरिरहेको अवस्थामा समावेशी सिद्धान्त र समानताको व्यावहारिक प्रयोग गर्ने उद्घोष गरिरहेको विद्यमान अवस्थामा ३० लाख अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुने कुरामा अझै पनि पूर्ण विश्वास गर्ने अवस्था छैन । कुनै पनि मानिसलाई जन्मदा अपाङ्गता भएर जन्मने चाहना हुँदैन । विशेष कारणवश कतिपय मानिस जन्मदै वा जन्मपछि अपाङ्गता हुन पुग्छन् । अपाङ्गताको सन्दर्भमा विगत केही दशकयता परिवर्तनका श्रृङ्खलाहरू उजागर हुनथाले पनि पूर्ण अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाबारे सम्बद्ध पक्षमा हुनुपर्ने गम्भीरताको कमी छ । समुदायमा रहेका विभिन्न वर्गको उत्थानका निम्ति सरकारले गरेका कतिपय काम स्वागतयोग्य भए पनि प्रभावकारी कार्यान्वयनमा सम्बद्ध पक्ष थप उत्तरदायी हुनुपर्ने देखिन्छ । पूर्ण अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको पक्षमा २०६९ साउन २० गतेको सर्वोच्च अदालतको फैसला यतिका वर्ष बितिसक्दा पनि कार्यान्वयनमा चासो नदेखाउनु यसको उदाहरण हो ।

यसबाट सिक्नैपर्ने कुरा के छ भने कान्छी औंलामा घाउ छ भने माझी औंलाले सकसक गरेर र त्यस औंलामा औषधि लगाएर हुँदैन । घाउ लागेको कान्छी औंलामै लगाउनुपर्छ किनकि कान्छी औंलाको पीडा माझी औंलालाई थाहा हुँदैन ।

आगामी दिनमा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले गर्नुपर्ने मुख्य मुख्य कार्यहरूमा हामी सचेत छौं । पूर्ण अशक्त र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको मुख्य आवश्यकता भनेकै व्यक्तिगत सहयोगी हो । सहयोगीसम्बन्धी निर्देशिकालाई अन्तिम रूप दिने र त्यसको कार्यान्वयन, अपाङ्गतासम्बन्धी १० वर्षे नीति र कार्ययोजना निर्माण तथा त्यसको कार्यान्वयन, नेपालको संविधान (२०७२) को कार्यान्वयनमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको ऐन नियमहरूमा सम्बोधन, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको घरेलुकरण, नयाँ बन्ने र संशोधन हुने ऐनहरू अपाङ्गतामैत्री बनाउने, अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच बढाउन नीतिगत पैरवी, अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यका तर्फबाट प्रदान गरिएको वा सुविधाहरूको समुचित कार्यान्वयन जस्ता कार्यहरूमा निरन्तर पैरवी गर्दै अघि बढ्नु राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालको आगामी ३ वर्षका लागि मुख्य प्राथमिकता हुनेछन् ।

अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यकतामा आधारित अनुकूल पहुँचयुक्तता सिर्जना गरेर उपयुक्त

सामाजिक एवं पारिवारिक सहायता उपलब्ध गराउन सरकारसँग महासङ्घले पहल गरोस् भन्ने सम्बद्ध व्यक्ति एवं परिवारको इच्छा र आकङ्क्षालाई हामीले नजिकबाट बुझेका छौं । अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार प्राप्तिका लागि महासङ्घ कृत–सङ्कल्पित छ । आउँदा दिनहरूमा सरकार र अन्य सबै सरोकारवालाहरू अपाङ्गता भएकाहरूका हक अधिकार प्रत्याभूतिका लागि जिम्मेवारीपूर्वक अवश्य पेश हुनेछन् । त्यसैको फलस्वरूप अपाङ्गता भएका व्यक्तिहरू समाजमा मान–सम्मानसहित हक अधिकार प्राप्ति भई समावेशी र समतामूलक समाज निर्माणतर्फ उन्मुख हुनेछन् । यसका लागि राष्ट्रिय अपाङ्ग महासङ्घ नेपालले आगामी तीन वर्षका लागि तल उल्लिखित मुख्य प्राथमिकताहरू निर्धारण गरेको छ :

१. **सर्वोच्च अदालतको फैसला कार्यान्वयन,**
२. **संविधानमा सुनिश्चित भएका अधिकारहरूको कार्यान्वयनमा वकालत,**
३. **अपाङ्गता अधिकार ऐन, २०७२ को कार्यान्वयन,**
४. **ऐन, नियमावली, नीति, नियम र निर्देशिकाको कार्यान्वयन,**
५. **महासङ्घको संस्थागत विकास,**
६. **सदस्य संस्थाहरूको क्षमता विकास,**
७. **शिक्षा क्षेत्रमा वकालत,**
८. **स्वास्थ्य तथा पुनःस्थापना,**
९. **रोजगारी र स्वरोजगार प्रवर्द्धन र पहुँचमा वकालत,**
१०. **अपाङ्गता भएका युवाको अधिकार प्रवर्द्धन,**
११. **अपाङ्गता भएका महिलाका अधिकार प्रवर्द्धन,**
१२. **अपाङ्गता भएका बालबालिकाका अधिकार प्रवर्द्धन,**
१३. **भूकम्पपछिको अपाङ्गतामैत्री पुनःनिर्माण,**
१४. **अनुगमन र प्रतिवेदन ।**

*(लेखक यही पुस ११ र १२ गते पोखरामा सम्पन्न महासङ्घको सातौं महाधिवेशनबाट निर्वाचित महासचिव हुनुहुन्छ ।)*

कविता

# उठ ... उठ

ए दृष्टि नहुने ! तिमीहरू उठ
ए बोली नसुन्ने ! तिमीहरू उठ
ए खुट्टा नहुने ! तिमीहरू उठ
ए सिक्न कठिन हुने ! तिमीहरू उठ
ए पहिचान नहुने ! तिमीहरू उठ
ए शिक्षा नपाउने ! तिमीहरू उठ
ए स्वास्थ्य—सुविधा नपाउने ! तिमीहरू उठ
ए अधिकार खोसिएका ! तिमीहरू उठ
ए समाजबाट टाढिएका ! तिमीहरू उठ
ए रोजगारी नपाएका ! तिमीहरू उठ
सबै जो जहाँ जहाँ छौ, गोलबद्धहुँदै उठ
आफ्ना अधिकार माग गर्दै उठ
समाजले बाँधेको बन्धन तोड्दै उठ
आफूमा भएको आत्मविश्वास जगाउँदै उठ
एक न एक दिन समावेशी समाज बनाउने
सपना देख्दै उठ
भोक र गरिबी चिर्ने आत्मनिर्भर जीवनको
सपना देख्दै उठ
नागरिक र राजनीतिक अधिकारको
पूर्ण उपभोगसहितको जीवनको
सपना देख्दै उठ
तिम्रो भाषा र पहिचानसहित
गुणस्तरीय जीवनको
सपना देख्दै उठ ।

**▸ उत्तम शिवाकोटी**
*क्षेत्रीय संयोजक : रा.अ.म.पु.क्षे.का. विराटनगर ।*



■ सेनानी पवन घिमिरे

# सशस्त्र द्वन्द्व, महाभूकम्प र अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद

विपत्ति प्राकृतिक होस् वा अप्राकृतिक, यसको मानवीय परिणाम भने उस्तै उस्तै हुन्छ– मृत्यु वा अपाङ्गता । मरेर जानेहरू त परिवारलाई मात्र पीडा छाडेर जान्छन् तर अपाङ्गता लिएर बाँच्नेहरू स्वयं पीडित त हुन्छन् नै उनका परिवारसमेत पीडामा डुबिरहेका हुन्छन् । जबसम्म उनीहरू पीडामुक्त हुँदैनन् तबसम्म परिवारसमेत पीडामुक्त हुन सक्दैनन् । यस्तो परिवेशमा पीडितहरूका लागि आवश्यक पुनःस्थापना एवं सशक्तीकरणसम्बन्धी उचित कार्य गर्नुपर्ने देखिन्छ ।

देश दस वर्षे सशस्त्र द्वन्द्वमा फस्यो । करिब छ हजार मानिसले अपाङ्गता बेहोर्न पुगे । तिनीहरूको पुनःस्थापना राज्यका लागि चुनौती बन्नपुगे पनि उनीहरूले बाँच्न सिके र धेरै खुसीका साथ जीवनयापन गरिरहेका छन् । त्यस्तै गत वैशाख १२ गतेको भूकम्पले देशलाई फेरि प्राकृतिक विपत्तिको अवस्थामा पुऱ्याएको






छ । करिब २२ मानिस घाइते भए भने पाँच हजारभन्दा बढी अपाङ्गताको जीवन बिताउन बाध्य भएका छन् । राष्ट्रिय अपाङ्ग महासङ्घका अनुसार, करिब ४०० जनामा इस्पाइनल कर्डको समस्या, ४० ले दुवै खुट्टा गुमाउन पुगेका छन् भने हात, खुट्टा र आँखा गुमाउन पुगेकाहरूको सङ्ख्या पनि धेरै नै रहेको छ । यस्तो अवस्थामा उनीहरूलाई पुनःस्थापना गरेर सामान्य अवस्थामा फर्काउनु परिवार र राज्यलाई समेत चुनौती बनिरहेको अवस्थामा खेलकुद एउटा राम्रो माध्यम बन्नसक्छ ।

खेलकुदले उनीहरूको मानसिक तनाव कम गर्नुका साथै शारीरिक तन्दुरुस्ती कायम गर्ने, उस्तै प्रकारका पीडा भोगिरहेका व्यक्तिहरूलाई एकै ठाउँमा सहभागी गराएर उनीहरूले भोगिरहेका अवस्थालाई समानीकरण गर्ने काम गर्दछ । अस्पतालको उपचारले काम गर्न छाडेपछि बाँकी उपचार खेलकुद तथा योगबाट सम्भव हुनसक्छ । यसको प्रमाण पारा ओलम्पिकको प्रारम्भिक इतिहासबाट लिन सकिन्छ, जुन सन् १९४५ मा दोस्रो विश्वयुद्धमा घाइते अपाङ्गता भएका सैनिकहरूको पुनःस्थापना तथा मानसिक उपचारका लागि सुरु गरिएको थियो । यसरी अपाङ्गता भएका तथा घाइते सैनिकहरूको पुनःस्थापनाका लागि सुरु गरिएको खेल आज पाराखेलको नामबाट विश्वभरि प्रशिद्ध छ र पारा ओलम्पिक खेलकुदको नामले अन्तर्राष्ट्रिय प्रतियोगिताहरू पनि अयोजना हुनेगरेका छन् । यस्ता प्रतियोगितामा पदक जित्ने अधिकांश युद्ध, दुर्घटना वा विपद्मा परेर अपाङ्गता भएका व्यक्ति नै छन् ।

विगतको सशस्त्र द्वन्द्वमा धेरै नेपाली सुरक्षाकर्मी तथा सर्वसाधारण पनि घाइते भए । अपाङ्गताको अवस्था व्यहोर्न पुगे । हिजोसम्म भाग्य र राज्यलाई सरापेर बस्ने उनीहरू यतिबेला क्रिकेट, बास्केटबल, ताइक्वान्दो, पौडी, दौड आदि जस्ता खेलमा रमाइरहेका छन् । खेलमा लागेर बाँच्ने तरिका सिक्नुका साथै उनीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदकसमेत हासिल गर्न सफल भएका छन् ।

नेपाली सेनाका विक्रमबहादुर राना अपाङ्गता खेलकुद जगतमा सुपरिचित नाम हो । २०६० सालमा माओवादीले थापेको विद्युतीय धरापमा परी उहाँले दुवै आँखा गुमाउन पुग्नुभयो । उहाँ पूर्ण दृष्टिविहीन भए पनि क्रिकेट र दौडका कुशल खेलाडी हुनुहुन्छ ।

अन्तर्राष्ट्रिय पारा ओलम्पिक प्रतियोगितामा सहभागी भएर दौडमा उहाँले दक्षिण एसियाली कीर्तिमानसमेत राख्न सफल हुनुभएको छ । नेत्रहीन क्रिकेटको विश्वकपमा समेत उहाँले सहभागिता जनाई सक्नुभएको छ । खेलकुदमै लागेर राष्ट्रपति पुरस्कार र रष्ट्रिय खेलकुद पुरस्कार प्राप्त गर्ने उहाँ एक्ला अपाङ्गता भएका खेलाडी हुनुहुन्छ ।

उहाँ भन्नुहुन्छ– "अन्धकारमा रुमल्लिएको मेरो जीवनमा खेल खेल्ने अवसर पाएदेखि गुमेका आँखा पुनः प्राप्त भएको जस्तो अनुभव भएको छ । आँखा देख्दा असम्भव जस्तै लाग्ने कति कुरा नदेख्ने भएपछि सम्भव भएका छन् । यसै खेलकुदबाट नाम कमाएको छु । धेरैले चिन्छन् र प्रशंसा गर्छन् । मेरा लागि योभन्दा ठूलो कुरा अरू के हुनसक्छ ?"

२०६१ सालमा हेटौंडामा तत्कालीन माओवादीले थापेको विद्युतीय धरापमा परी



स्पाइनल कर्ड (spinal cord) मा चोट लागेर शरीरको तल्लो अङ्ग पूर्णरूपमा नचल्ने हुनुभएका हिमाल अर्याल अहिले बास्केटबलका कुशल खेलाडी हुनुहुन्छ । उहाँको नेतृत्वमा रहेको बास्केटबलले राष्ट्रियस्तरको कुनै पनि प्रतियोगितामा पराजित हुनुपरेको छैन । उहाँ त्रिभुवन आर्मी क्लब अन्तर्गत रहेको ह्विलचिअर बास्केटबल टोलीका कप्तान हुनुहुन्छ । भारोत्तोलन, ह्विलचिअर नाच र ह्विलचिअर क्रिकेटका पनि उहाँ राम्रा खेलाडी हुनुहुन्छ । उहाँको नेतृत्वको नेपाली ह्विलचिअर बास्केटबल टोलीले सन् २०१४ मा बङ्गलादेशमा अयोजना गरिएको त्रिदेशीय प्रतियोगितामा सहभागिता जनाइसकेको छ ।

आफ्नो सफलतामा खुशी प्रकट गर्दै उहाँ भन्नुहुन्छ– "खेलकुदमा लागेदेखि मैले कहिल्यै पछाडि फर्किएर हेर्नुपरेन । कोठामा बसेर एक्लै रुनु परेन । शारीरिकरूपमा स्वस्थ पनि छु र देश विदेश घुम्ने अवसर पनि पाएको छु । केही गर्न सकियो भने मानिसको दृष्टिकोणमा पनि परिवर्तन हुँदोरहेछ । परिवारलाई बोझ पनि होइँदोरहेन छ । हिजोसम्म ममाथि हेयको दृष्टि राख्नेहरू नै पनि आज मेरो क्षमताको प्रशंसा गर्छन् ।"

खेलमै रमाएर जीवनलाई सकारात्मकतातर्फ डोहोऱ्याइरहनु भएका अर्का खेलाडी हुनुहुन्छ सुनिल थापा मगर । द्वन्द्वमा परी एउटा आँखाको पूर्ण र अर्को आँखाको अधिकांश दृष्टि गुमाएका सुनिल नेत्रहीन क्रिकेटका कुशल खेलाडी हुनुहुन्छ । सेनाको नेत्रहीन क्रिकेट टोलीको प्रतिनिधित्व गर्दै राष्ट्रिय र क्षेत्रीय प्रतियोगिताहरूमा सम्मिलित भइसक्नुभएको छ । उहाँ भन्नुहुन्छ– "क्रिकेटमा सहभागी हुनुभन्दा अगाडि जीवन तनावमय थियो । काम केही थिएन । मनमा नकारात्मक सोचभन्दा अरू केही आउँदैन थियो तर अहिले जीवनमा नयाँ उर्जा पलाएको छ ।"

हीरामणि पोखरेल एउटा हात र एउटा आँखा गुमेका पारा ताइक्वान्दो खेलाडी हुनुहुन्छ । उमेर चालिस वर्षको हाराहारीका उहाँ हालसालैमात्र पारा ताइक्वान्दोमा सम्मिलित हुनुभएको हो । सन् २०१४ मा चीनमा सम्पन्न पारा ताइक्वान्दो च्याम्पियनसिपमा उहाँको सफल सहभागिता भइसकेको छ । आफ्नो सफलतामा सन्तुष्टहुँदै उहाँ भन्नुहुन्छ– "म जस्तै अपाङ्गता भएका सेनाका साथीहरू खेलकुदमा लागेर परिवर्तन भएको देखेर मलाई पनि खेल्न मन लाग्यो । पारा ताइक्वान्दो प्रशिक्षणमा सहभागी भएँ । साच्चै नै खेलकुदमा निकै ठूलो शक्ति हुँदोरहेछ । हामीजस्ता घाइते व्यक्तिहरूको पुनःस्थापना र सशक्तीकरणका लागि खेलकुद राम्रो माध्यम रहेछ ।"

यस खेलमा उहाँसँगै नेपाली सेनाका एउटा हात गुमाउनुभएका जमदार चिन्तामणि पनि

सहभागी हुनुहुन्छ । उहाँ पनि हीरासँगै चीनको प्रतियोगितामा सहभागी हुनुभएको थियो ।

घरपछाडि बारीमा भेट्टाएको अपरिचित वस्तु खेलाउँदा दृष्टि गुमाउन पुगेका कलिकोट जिल्लाको चिलखायका आनन्दराज पाण्डे पनि क्रिकेट खेलाडी हुनुहुन्छ । काठमाडौंको कीर्तिपुरमा रहेको ल्याबेरोटरी स्कुलमा कक्षा ९ मा अध्ययन गर्दै गरेका उहाँलाई साथीहरूले क्रिकेटर भनेर बोलाउँदा निकै खुशी लाग्छ । कालिकोटको जिन्दगीभन्दा शिक्षाको र क्रिकेटको अवसरले उहाँको जिन्दगी निकै आनन्ददायी बनिरहेको छ ।

यी केही उदाहरणमात्र हुन्, खेलकुदमा लागेर



जीवनलाई सकारात्मकतातर्फ डोऱ्याइरहेका घाइते सैनिक तथा नागरिकका । त्यस्तै, दृष्टिविहीन सिपाही सुरेन्द्र तामाङ पौडीका, अमल्दार भरत थापा नेत्रहीन क्रिकेटका साथै दौड र पौडीका राम्रा खेलाडी हुनुहुन्छ भने सेनाका राजु कटुवाल र नारायण दवाडी ह्विलचिअर, बास्केटबलमा अग्रणीस्थानमा हुनुहुन्छ । नेपाल प्रहरीका सई किशोर साही इस्पाइनल कर्ड खेलकुद सङ्घका अध्यक्ष भएरै काम गरिरहनु भएको छ ।

गत वैशाख १२ गते भूकम्प र त्यसपछिको पराकम्पनबाट अपाङ्गता हुनपुगी उपचार सकेर अब के गर्ने भन्न अन्योल र मानसिक तनावमा रहेका घाइतेहरूका लागि खेलकुद एउटा राम्रो विकल्प बन्नसक्छ । शारीरिक अङ्ग गुमेका व्यक्तिहरूको मानसिक तनावले गर्दा उनीहरूको जीवन निकै कष्टकर बन्दै गइरहेको छ । यस्तो अवस्थामा सहयोग र साथ नदिने हो भने जीवनले नकरात्मक मोड लिन पनि सक्छ ।

पीडितहरूलाई उनीहरूको शारीरिक अवस्था अनुसारको क्षमता पहिचान गराउन सकियो भने अपाङ्गता प्रगतिको अवसर पनि बन्नसक्छ र आफूलाई बेकार लाग्ने जीवन हाम्रो समाज र राष्ट्रका लागि अमूल्य गहना पनि साबित हुनसक्छ । यस्ता व्यक्तिहरूको पुनःस्थापना र सामान्य जीवनमा फर्केर तनावमुक्त हुन उनीहरूलाई व्यस्त राख्नुपर्ने हुन्छ । यस्तो अवस्थामा खेलकुद राम्रो साथी बन्नसक्छ ।

नेपालमा पारा ओलम्पिक खेलकुद सङ्घ, नेत्रहीन क्रिकेट, पारा ताइक्वान्दो, पारा एथलेटिक, इस्पाइनल खेलकुद सङ्घ, बहिरा क्रिकेट सङ्घ जस्ता संस्था क्रियाशील छन् । यी संस्थाले सामान्य किसिमका खेलकुद गतिविधि सञ्चालन गर्नेमात्र नभई भूकम्प र दुर्घटना आदिबाट अपाङ्गता बेहोरेका व्यक्तिहरूलाई लक्ष्य गरी पुनःस्थापनसम्बन्धी खेलकुद गतिविधि सञ्चालन गर्नु आजको आवश्यकता महशुस गरिएको छ । यसतर्फ राज्यको पनि ध्यान आकर्षण हुनुपर्ने देखिन्छ ।

चाहे त्यो भूकम्प जस्तो प्रारकृतिक विपद् होस् वा विगतको जस्तो दस वर्षे द्वन्द्व नामक मानव सिर्जित अप्राकृतिक विपद्, परिणाम उस्तै उस्तै हुन्छ । जसरी दस वर्षे सशस्त्र द्वन्द्वका घाइते अपाङ्गता भएका व्यक्तिहरूले खेलकुदलाई समातेर जीवनलाई सामान्य अवस्थामा फर्काउनुमात्र नभई क्रियाशीलसमेत बनाएर सफलता हात पारिरहनुभएको छ, यही कुरालाई अनुसरण गर्नसके भूकम्पबाट अपाङ्गता बेहोर्न पुगेका व्यक्तिहरूको जीवनमा सकारात्मक परिवर्तन आई जीवन फेरि सामान्य र सक्रियतातर्फ अघि बढ्नसक्छ ।



■ Shrikanta Sapkota

# Concept and Principles of Universal Design for Learning


## Abstract

*This article has been written with the objective of providing information on the concept and principles of universal design of learning. This article presents the standard definition and established principles of UDL. Universal design for learning refers to the design of products and environments to be usable by all people, to the greatest extent possible, without the need for adaptation or specialized design in the field of education. UDL stresses flexible and customizable delivery of content, assignments and activities. This article minutely analyzes the seven principles along with the concept of UDL. Finally, the article concludes with the finding of combination of UDL curriculum accommodation and modification, differentiated instructions with seven principles of UDL can make our learning accessible for all.*


## Introduction

The design of products and environments to be usable by all people, to the greatest extent possible, without the need for adaptation or specialized design (CUD)."Universal design means the design of products, environments, programmes and services to be usable by all people, to the greatest extent possible, with the need for adaptation or specialization design. Universal design shall not exclude assistive devices for particular groups of persons with disabilities where this is needed" (CRPD-2006). In the same way Crow and Crow defines "learning is the acquisition of habits, knowledge & attitude". When we connect learning in the context of universal design it automatically clarifies what is UDL.

## Concept of UDL

It has its roots in the field of architecture and cognitive neuroscience. It recognizes the promise of technology to meet the needs of individual learners because of the inherent and nearly limitless flexibility of technol-ogy itself. National legislation requires attention to Universal Design (UD) in curriculum and assessment development. UDL principles guide educators in finding innovative ways to make curriculum accessible and appropriate for individuals with different backgrounds, learning styles, abilities, and disabili-ties in various learning situations and contexts (Rose & Meyer, 2002).

It is obvious that we cannot challenge the nature and change the natural structure of mountain, river etc. but we can make the human made structures accessible for all and friendly. Universal design for learning is a new concept that promotes accessible, barrier free and right based education. It emphasizes meeting the individual needs of a broad range of students. UDL stresses flexible and customizable delivery of content, assignments and activities. Which goes beyond accommodating students with disabilities to benefit all students.

"Nothing can be truly universal; there will always be people who cannot use an item no matter how thoughtfully it is designed. However, we can almost always improve on the things we design to make them more universally usable" (as cited in McGuire, Scott, & Shaw, p. 172). People do not receive process and remember in the same way. We need UDL to address a variety of cultural, ethnic and racial backgrounds, distinct learning styles, different primary languages and different abilities of learners.

According to World Blind Union over 90% of all published materials cannot be read by blind or low vision people. They asked for the right to read the same newspapers, magazines and books that sighted people have access to. We need to have the rights in all countries to reproduce these materials into accessible formats, such as Braille, large print, and audio editions (WBU).

UDL is new concept in the Nepalese context but essential to be adopted in order to remove barrier in education and achieve goal of education for all. To avoid the hindrances of physical, communication and mobility disability our government has to implement this concept in the education system to implement new constitution of Nepal we should adopt universal design from physical structure to mental attitude. Our curriculum reading materials, teaching learning activity, assignment, assessment to combat against barrier, discriminatory attitudes and creating welcoming school educational system. It is the most effective means of providing justice through reasonable accommodation/ positive discrimination in education. The teachers from lower primary level to Higher University level should be aware in preparing accessible materials, adopting inclusive methods to address diversities of the students.

It is not difficult to make our learning universal. Information communication technology and assistive devices have made easier to make learning based on universal design. There is no single way of removing barrier and creating access of all individual in education system but combination of curriculum accommodation, curriculum modification, differentiated instruction and seven principle of UDL may be the effective way. There are seven principles of universal design to guide the design of environments, product and communications. These principles are helpful to consider the three brain networks of learning: Recognition network (what), Strategic Network (how) and Affective Network (why) while teaching.

## Principles

Seven Principles presented by Center for Universal Design are discussed below.

- Principle 1: Equitable Use
- Principle 2 : Flexibility in Use
- Principle 3: Simple and Intuitive Use
- Principle 4: Perceptible Information
- Principle 5: Tolerance for Error
- Principle 6: Low Physical Effort
- Principle 7: Size and Space for Approach and Use

### Principle 1: Equitable Use

The design is useful and marketable to people with diverse abilities.

Provide the same means of use for all users: identical whenever possible; equivalent when not.

Avoid segregating or stigmatizing any users.

Provisions for privacy, security, and safety should be equally available to all users.

Make the design appealing to all users.

### Principle 2: Flexibility in Use

Provide choice in methods of use.

Accommodate right- or left-handed access and use.

Facilitate the user's accuracy and precision.

Provide adaptability to the user's pace.

### Principle 3: Simple and Intuitive Use

Eliminate unnecessary complexity.

Be consistent with user expectations and intuition.

Accommodate a wide range of literacy and language skills.

Arrange information consistent with its importance.

Provide effective prompting and feedback during and after task completion.

### Principle 4: Perceptible Information

Use different modes (pictorial, verbal, tactile) for redundant presentation of essential information.

Provide adequate contrast between essential information and its surroundings.

Maximize "legibility" of essential information.

Differentiate elements in ways that can be described (i.e., make it easy to give instructions or directions).

Provide compatibility with a variety of techniques or devices used by people with sensory limitations.

### Principle 5: Tolerance for Error

Arrange elements to minimize hazards and errors: most used elements, most accessible; hazardous elements eliminated, isolated, or shielded.

Provide warnings of hazards and errors.

Provide fail safe features.

Discourage unconscious action in tasks that require vigilance.

### Principle 6: Low Physical Effort

Allow user to maintain a neutral body position.

Use reasonable operating forces.

Minimize repetitive actions.

Minimize sustained physical effort.

### Principle 7: Size and Space for Approach and Use

Provide a clear line of sight to important elements for any seated or standing user.

Make reach to all components comfortable for any seated or standing user.

Accommodate variations in hand and grip size.

Provide adequate space for the use of assistive devices or personal assistance.

These above mention principles were developed in 1997 by a working group of architects, product designers, engineers and environmental design researchers, led by the late Roland Mace in the North Carolina State University.

**please don't forget to make your materials (product) delivery (process) and environment (class room) universally useable maximizing accessibility and reducing barrier discrimination difficulty and inaccessibility.**

Dear teachers and planners of education system and practitioner of education system, evaluate the education system on the basis of seven principles and tried to make teaching learning accessible for all applying these principles and removing the barriers. Teachers are the guide the world without any assistance.

## Conclusion

Some students learn through visual materials some using auditory and tactile and some learn by kinesthetic activities. So please don't forget to make your materials (product) delivery (process) and environment (class room) universally useable maximizing accessibility and reducing barrier discrimination difficulty and inaccessibility. UDL stresses flexible and customizable delivery of content, assignments and activities. If we make our materials, methods and activity accessible and usable for everybody it will be useful for future use for diversified learners and context. We must be aware of this fact to be the opener of inclusive education and teacher of universal learners.

**Email :** shrikantasapkota@gmail.com

## References

Center for Universal Design, (1997) **The Principles of Universal Design, Version** 2.0. Raleigh, NC: North Carolina State University. Retrieved July 12, 2007, from http://www.design.ncsu.edu/cud/about_ud/udprinciples.htm.

McGuire, J. M., Scott, S. S., & Shaw, S. F., (2006) Universal design and its applications in educational environments. **Remedial & Special Education,** 27(3), 166-175. Retrieved July 12, 2007, from EBSCO Online Database Education Research Complete.

National Disability Authority, (2012) **Centre for Excellence in Universal Design,** Clyde Rode 25, Dublin, Ireland Location Map.

Shrestha, Chandra Bahadur, Ramlal Tamang, Samjhana Basnyat, (2064) **Educational Psychology**, Bhundipuran Publication.

United Nation, (2006) **Convention on the Rights of Persons with Disabilities and Optional Protocol**, National Federation of the Disabled Nepal, Vrikutimandap, Kathmandu, Nepal.

World Blind Union, **The Right to Read** (R2R) - Access to literacy and education via the Marrakesh Treaty.

**The writer is now lecturer in Education Department of Prithbi Narayan Campus (PNC), Pokhara.**

# सजिलोसँग पढ्न र बुझ्न सक्ने शिक्षण



■ मुकुन्दहरि दाहाल

शिक्षण सरल र बुझ्न सक्ने हुनसक्छ । त्यसका लागि तपाईंमा केवल कला, सरल भाषा, विद्यार्थीको बुझाइको स्तर बुझ्नसक्ने क्षमता हुनुपर्छ र त्यसै अनुसार शिक्षण गर्नुपर्छ । त्यस्तो शिक्षणका लागि यहाँ केही जानकारी छन्, जसलाई शिक्षक/शिक्षिकाले कक्षाकोठामा र विद्यालय परिसर तथा बौद्धिक अपाङ्गता भएका बालबालिकासँग सञ्चार गर्न प्रयोग गर्नुपर्दछ ।


## सरल शिक्षण के हो ?

विद्यार्थीले बुझ्न र सिक्न सक्नेगरी शिक्षण गराउनु शिक्षकको कर्तव्य हो । विद्यार्थी जब किशोर अवस्थामा जान्छन्, यो अझ जटिल हुन्छ । उनीहरूका धेरै किसिमका जिज्ञासा आउँछन्, जसलाई बुझेर शिक्षण गराउन शिक्षकलाई निकै चुनौतीपूर्ण हुन्छ । यस्तो अवस्थामा विद्यार्थीमा बौद्धिक अपाङ्गता छ भने शिक्षकलाई चुनौती अरू थपिन्छ किनकि यस्ता बालबालिका आफ्ना भावना राम्ररी व्यक्त गर्न र शिक्षकसँग सामान्य शिक्षणबाट सजिलै सिक्न सक्दैनन् । हो, यस्तो परिस्थितिमा बौद्धिक अपाङ्गता भएका बालबालिकाले बुझ्नसक्ने र आफ्ना भावना व्यक्त गर्न सक्नेगरी गरिने शिक्षणलाई सरल शिक्षण भनिन्छ ।

## कसरी ?

सरल शिक्षणका लागि धेरै विधि प्रयोग गर्नुपर्ने हुनसक्छ । वर्तमानमा हाम्रो देशमा यस्तो शिक्षणका लागि शिक्षण सामग्री बनेकासमेत छैनन् । तथापि, पहुँच हुनेखालका अन्तर्राष्ट्रिय सामग्रीहरू प्रयोग गर्न सकिन्छ । यहाँ सरल शिक्षणका लागि केही उपयोगी सीप तथा जानकारी छन्, जसलाई शिक्षकले उपयोग गर्नुपर्छ ।

१. भाषा वा बोलाइ साधारण, सरल तथा सजिलैसँग बुझ्नसक्ने हुनुपर्छ ।
२. बोलाइ बिस्तारै र सफा हुनुपर्छ ।
३. विद्यार्थीले तपाईंले बोलेको कुरा बुझिरहेका छन् कि छैनन् भन्ने ख्याल गर्दै शिक्षण गर्नुपर्छ । विद्यार्थीले प्रश्न गरून् भन्नेमा ध्यान



दिनुपर्छ । उनीहरूका जिज्ञासालाई उच्च प्राथमिकतामा राख्नुपर्छ । साना-साना प्रश्नलाई समेत झर्को नमानी सम्बोधन गरिदिनुपर्छ ।

४. कतिपय बालबालिका बोल्न नसक्ने, लजाउने, बोल्न नचाहने हुनसक्छन् । त्यस्ता बालबालिकाले आफ्नो शारीरिक हाउभाउबाट बुझे-नबुझेको सङ्केत गरिरहेका हुन्छन्, जसबाट विद्यार्थीले बुझेको वा नबुझेको थाहा पाउन सकिन्छ ।

५ सहयोगी सामग्री प्रयोग गर्नेः

क. बुझाउनका लागि सरल भाषासँगै फोटो अथवा वास्तविक चिज नै देखाउने । जस्तैः अङ्गुर चिनाउनुपर्‍यो भने अङ्गुर नै देखाउने वा अङ्गुरको फोटो देखाउने ।

ख. प्रविधिको प्रयोग गर्ने (सम्भव भएसम्म) । जस्तैः पावर प्वाइन्ट, प्रोजेक्टर, प्रिजेन्टेसन, मोबाइल, क्यामेरा, क्याल्कुलेटर, रेडियो, टेलिभिजन, कम्प्युटर इत्यादि, जसका माध्यमबाट उनीहरूले मनोरञ्जन गर्दै सिक्न सकून् ।

ग. कार्डको प्रयोग गर्ने । जस्तैः रातो र हरियो कार्ड बनाएर विद्यार्थीलाई दिने र पढाएको बुझेमा हरियो कार्ड देखाउने र नबुझेमा वा केही भन्नुपरेमा रातो कार्ड देखाउने भनेर सिकाउने ।

घ. बोल्दा सरल भाषामा, सिधा प्रत्येक विद्यार्थीसँग व्यक्तिगतरूपमा आँखा जुधाएर बोल्ने ।

६. विद्यार्थीलाई वाद-विवाद, छलफल, खेलकुद, मनोरञ्जन, नाटक, गीत गाउने, नाच्ने जस्ता कुरा गर्न प्रोत्साहन गर्ने । त्यसका निम्ति वातावरण सिर्जना गरिदिने ।

७. हरेक सफल कामका लागि प्रोत्साहन वा स्यावासी दिने ।

८. छोटो-छोटो समय तालिका बनाएर उनीहरूलाई विभिन्न क्रियाकलापमा सहभागी गराउने, जसले गर्दा शिक्षण उनीहरूलाई झर्को लाग्ने खालका नहोस् ।

## किन ?

माथि भनिएका सीप प्रयोग गरेर सरल भाषामा शिक्षण गराउनु शिक्षकको दायित्व र कर्तव्य हो भने यसरी सिक्नपाउनु बौद्धिक अपाङ्गता भएका बालबालिकाको अधिकार हो । यस्तो सिकाइ विधिले अन्तर्राष्ट्रियरूपमा मान्यता प्राप्त गरेको छ, जसलाई बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँचयुक्त विधि मानिन्छ ।

# शिक्षकको धारणा, ज्ञान र कला (Attitudes, Knowledge and Skill of the teachers)

## धारणा (Attitude)

**शिक्षकमा निम्न अनुसारका धारणा हुनुपर्छः**

क. पहुँचयुक्तविधि (सरल शिक्षण) बाट सिक्न र पढ्न पाउनु तथा व्यक्तिगत आवश्यकताका आधारमा सिकाइ योजना विकास गरेर सिक्न पाउनु यस्ता बालबालिकाको अधिकार हो ।

ख. प्रविधिले शिक्षण सहज बनाउँछ तर यसलाई विद्यार्थीको चाहना र आवश्यकताका आधारमा प्रयोग गर्नुपर्छ ।

ग. पहुँचयुक्त शिक्षणविधि, पाठ्यक्रम, चाहना अनुसारको प्रविधि, सामग्रीको उपलब्धतालाई बालबालिकाको अधिकारका रूपमा ग्रहण गरिएको छ ।

घ. सिकाइ क्षमता विकास र शिक्षक समावेशी शिक्षा प्रणालीतर्फ लक्षित हुनेछ ।

## ज्ञान (Knowledge)

शिक्षकमा निम्न किसिमका ज्ञान हुनुपर्छः

क. पहुँचयुक्त शिक्षण विधि, प्रविधिको प्रयोग, व्यक्तिगत शिक्षण योजना (I .E.P.), पहुँचयुक्त

पाठ्यक्रम तथा पाठ्य–सामग्रीका बारेमा राम्रो ज्ञान,

ख. सहयोगी व्यक्तिसम्बन्धी अवधारणा र कक्षा–कोठामा सहयोगी वा सहायक शिक्षकको संलग्नताको राम्रो ज्ञान,

ग. यस्ता बालबालिकाका लागि कहाँ कहाँ अझ राम्रा शिक्षक वा विशेष शिक्षणका विद्यालय छन्, तिनको जानकारी र तथ्याङ्क तथा आवश्यकता र उपयुक्तताका आधारमा सिफारिस (referral) गर्नसक्ने व्यवस्थासम्बन्धी ज्ञान,

## कला र सीप (skill)

**शिक्षकमा निम्न अनुसारका कला वा सीप पनि हुनुपर्छः**

क. शिक्षकमा बौद्धिक अपाङ्गता भएका विद्यार्थीको पहिचान र सिकाइको तरिका बुझी व्यक्तिगत शिक्षण योजना बनाउने कला,

ख. विद्यार्थीमा लुकेको वा नदेखिने अपाङ्गता वा कमजोरीपना लगायत त्यस्ता कमजोरीलाई परिपूर्ति गर्ने शिक्षणविधि विकास गर्ने सीप,

ग. शिक्षकमा विद्यार्थीको सिकाइ मूल्याङ्कन, उपलब्ध पाठ्य–सामग्री तथा प्रविधिले सहयोग गरे/नगरेको मूल्याङ्कन गर्नसक्ने र नयाँ आवश्यकता पहिचान गर्नसक्ने सीप वा कला,

घ. स्थानीयस्तरमै उपलब्ध भएसम्म कम खर्चिलो हुनेगरी उपयुक्त अनुकूलतालाई समेत ध्यान दिई प्रविधिका सामग्रीहरू विकास गर्न सक्ने सीप वा कलासमेत शिक्षकमा जरुरी हुन्छ ।

कविता

# विनय

■ प्रणय विकल श्रेष्ठ, सानेपा

आऊ न आऊ हे शम्भु ! हामीलाई शरणमा लेऊ,
तनको आँखामा ज्योति छैन मनमा दर्शन देऊ ।

कस्तो बन्यो यो सामाजिक संरचना हाम्रो
पढे–लेखेका मान्छेको पनि हृदय अति चाम्रो ।

लौ न आऊ हे प्रभु ! डुब्नै लाग्यो नाउ,
सबैलाई चेतनाको सही मार्ग बताऊ ।

तारा खसाल्ने भाषण गर्छन् मीठा कुरा भन्छन्,
अपाङ्गलाई दोस्रो दर्जाको नागरिकझैं ठान्छन् ।

लौ न आऊ हे प्रभु ! हाम्रो हात समाऊ,
घात–प्रतिघातको वेदनाले लड्खडायो पाउ ।

धेरै बने नियम–नीति धेरै बने कानून,
कार्यान्वयन कैले हुने तिनी आफैं जानून् ।

लौ न आऊ हे प्रभु ! शीतल मलम लगाऊ,
सहन धेरै गाह्रो भयो चहराइरह्यो घाउ ।

संविधानको धारा फेरिन्छ तिन्लाई अप्ठ्यारो पर्दा,
यद्यपि, कुनै मतलब छैन अन्धा–अपाङ्ग मर्दा ।

लौ न आऊ हे प्रभु ! हाम्रो साथमा आऊ,
संविधानमा लेखिएका
अपाङ्गहरूको अधिकार
कार्यान्वयन गराऊ ।

# अवसरको खाँचो



■ **रमा पौडेल 'प्रभात'**

"अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तता वा कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) र विद्यमान अवरोधका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्त सम्झनुपर्छ भनी परिभाषा गरिएको छ ।

मानिस हुर्कने बढ्ने क्रममा सामान्यत: शरीरको कुनै एक वा त्योभन्दा बढी अङ्गमा आउने विचलन र मानसिकरूपमा राम्रोसँग विकास हुन नसक्नुलाई अपाङ्गता भनिन्छ ।

कुनै परिवारमा यस्ता अपाङ्गता भएका बालबालिका देखिएमा समाजमा अपहेलित हुने डरले लुकाएर राख्ने गरेको पाइन्छ । कतै जानेर वा नजानेर अपाङ्गता भएकाहरू समाजमा अपहेलितरूपमा रहेका छन् । शारीरिक कमजोरी त्यसै त पीडाप्रद भइरहेका अपाङ्गता भएकाहरूलाई समाजमा अपहेलित हुँदा झन पीडा थपिन्छ ।

अपाङ्गता भएकाहरूमा शारीरिकरूपमा केही कमजोरी रहे पनि मानसिकरूपमा पूर्णत: काम गर्न सक्षम हुन्छन् भन्ने सचेतना समाजमा फैलाउनु आवश्यक छ । झमक घिमिरे यस्तै शारीरिक कमजोरी भएकी एक नागरिक हुनुहुन्छ तर उहाँको चेतना शक्ति र ज्ञानले गर्दा आज उहाँका दर्जनौं साहित्यिक कृति र हजारौं लेख पढिरहेका छौं । त्यस्तै डा. कमल लामिछाने दृष्टिबिहीन भएर पनि विद्यावारिधि गरिसक्नुभएको छ । घिमिरे र डा. लामिछाने जस्ता एकाध सफल अपाङ्गता भएका व्यक्तिहरू अगाडि आएको देख्दादेख्दै पनि समाजमा अपाङ्गता भएकाहरूलाई निकै अपहेलनाको रूपमा हेरिने उदाहरण हाम्रो सामाजमा रहेका छन् ।

त्यसो त सफलता प्राप्त गर्न के अपाङ्गता भएका, के साङ्ग, सबैले अथक मेहनत त गर्नैपर्छ । त्यसमा पनि अपाङ्गता भएकाहरूलाई परिवार र समाजको विशेष साथ र सहयोगको आवश्यकता रहन्छ । १३ वर्षे सुनिता तामाङ (तस्बिर २) लाई दुवै खुट्टा नभएका कारण विद्यालय जान अभिभावकको सहयोग आवश्यक पर्छ । बाटोमा ह्विलचियरमा हिंड्दै गर्दा अरूले असहयोग गर्दा निकै गाह्रो हुने उहाँ बताउनुहुन्छ ।

कृत्रिम खुट्टा राख्न अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र (एचआरडीसी) बनेपामा उपाचाररत उहाँ काठामडौंमा कक्षा ६ मा पढ्नुहुन्छ । पढाइ सकेर आफू जस्तै अपाङ्गता भएकाहरूको उपचारमा सहयोग गर्ने स्वास्थ्यकर्मी बन्ने उद्देश्य रहेको बताउने उहाँलाई परिवारको पूर्ण सहयोग रहेको छ ।

विनोद खत्री (तस्बिर १) १४ वर्षका हुनुभयो । अर्घाखाँची जिल्लाको अड्गुरी– ४ मा स्थायी घर भएका उहाँ राम्रोसँग बोल्न सक्नुहुन्न । आँखा टेडो छ । मानसिकरूपमा अस्वस्थ हुनुहुन्छ । उहाँकी आमाको सानैमा मृत्युभयो भने हालैमात्र उहाँका वुवाको पनि मृत्युभयो । काका केशव खत्रीसँग बस्ने उहाँ हिड्न सक्नुहुन्छ तर

सहयोगीको नियन्त्रणबिना स्वतन्त्ररूपमा अरू काम गर्न सक्नुहुन्न । यतिबेला उहाँ असहाय हुनुभएको छ । विकट गाउँमा भएका कारण विद्यालयको मुखै नदेखेका उहाँ अहिले काकाका लागि बोझ बन्नुभएको छ । काकाको पनि आर्थिक अवस्था राम्रो नरहेको जानकारी स्थानीय तुलसा पौडेलले दिनुभएको छ ।

त्यस्तै, इन्दिरा भुसाल (तस्बिर ३) सात वर्षकी हुनुभयो । उहाँका दुवै घुँडादेखि माथिबाट हड्डी घुमेकाले हिड्न सक्नुहुन्न । हेर्दा चिटिक्क राम्री उहाँ राम्रोसँग बोल्न, सुन्न र देख्न सक्नुहुन्छ । विद्यालय घरबाट टाढा रहेको र परिवार कृषक भएकाले उहाँले विद्यालय जाने अवसर पाउनुभएको छैन । छिमेकी दाजु, दिदी र आफ्ना भाइबहिनीको देखासिकीबाट आफ्नो नाम लेख्न सक्नुहुन्छ । उहाँलाई कसैले जिस्क्याएको मन पर्दैन ।

जे सुने पनि छिट्टै अनुकरण गर्ने उहाँको सिकाइ क्षमता रहेको छ तर अर्घाखाँचीमा यस्ता अपाङ्गता भएका बालबालिकालाई राखेर अध्यापन गराउने विद्यालय नभएका र बाहिर राख्न परिवारको आर्थिक अवस्था कमजोर रहेको बताउनुहुन्छ उहाँका बुवा कमलप्रसाद भुसाल । हाल उहाँ अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र बनेपामा उपचाररत हुनुहुन्छ ।

अपाङ्गताको क्षेत्रमा काम गर्ने नेपाल सरकार, कुनै संस्था वा सरोकारवाला निकायले उहाँ र उहाँजस्ता अपाङ्गता भएकै कारण शिक्षाको अवसरबाट वञ्चित बालबालिकाको शिक्षा–दीक्षाको व्यवस्था मिलाइदिएमा हजारौँ अपाङ्गता भएका बालबालिका लाभान्वित भई भविष्यमा राष्ट्रका सक्षम नागरिकका रूपमा उपस्थित हुने थिए ।

पन्ध्र वर्षका अर्घखाँची निवासी भक्त परियार र काभ्रेपलाञ्चोक निवासी १४ वर्षका कृष्ण मगर (तस्बिर ४) यतिबेला अपाङ्ग बाल अस्पतालमा उपचार गराइरहनु भएको छ । भक्त कक्षा १० र कृष्ण कक्षा ८ का विद्यार्थी हुनुहुन्छ । उहाँहरू दुवै जनाका खुट्टाका पाइताला घुमेका कारण ३ देखि ६ महिनासम्म अस्पतालमै बस्नुपर्ने भएको छ । उहाँहरू पनि निम्न आर्थिक अवस्था भएका परिवारका बालक हुनुहुन्छ ।

यी त केही शारीरिक तथा मानसिक अपाङ्गता भएका बालबालिकाका उदाहरण हुन् । नेपालमा यस्ता अपाङ्गता भएकाहरू २०६८ को जनगाणना अनुसार १.९४ प्रतिशत (सय जनामा झन्डै दुई जना) रहेका छन् । यस्ता अपाङ्गता भएका व्यक्तिहरू कुनै न कुनैरूपमा परिवार तथा समाजबाट प्रताडित पाइन्छन् । सामान्यरूपमा दैनिकी चलाउन अप्ठ्यारो परिरहेको अवस्था छ । त्यसैले समुदायमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, जीवननिर्वाह, सशक्तीकरण र सामाजिकीकरणका लागि सम्बन्धित निकायले पहल गर्नु आवश्यक छ । अपाङ्गता भएकाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सीप सिकाउने जस्ता अवसर राज्यले सिर्जना गरेमात्र माथिका उदाहरणमा प्रस्तुत गरिए जस्ता हजारौं अपाङ्गता भएका बालबालिका लाभान्वित हुनेछन् । चौबिसौँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस २०१५ डिसेम्बर ३ मनाइरहँदा यस्ता अपाङ्गता भएकाहरू पनि समावेश भएमात्र 'अर्थपूर्ण समावेशीकरण : सबै क्षमताका व्यक्तिहरूका लागि पहुँच र सशक्तीकरण' नाराले सार्थकता पाउनेछ । यसबाटमात्र अपाङ्गता समाजका लागि बोझ होइन भन्ने कुरा प्रमाणित हुनेछ ।

# अपाङ्गता भएका व्यक्तिहरू भत्ताबाट बञ्चित



■ कृष्ण खनाल, बुटवल

रूपन्देहीको सौराह फर्साटिकर गाविस– १ की आशिका थापा शारीरिकरूपमा अपाङ्गता भएकी व्यक्ति हुनुहुन्छ । उहाँले अघिल्लो वर्ष नै गाउँ विकास समितिबाट सिफारिस बनाई महिला तथा बालबालिका कार्यालय भैरहवाको समन्वयमा जिल्ला प्रशासन कार्यालयबाट 'ख' वर्ग अर्थात नीलो कार्ड बनाइसक्नु भएको छ । पूर्ण अपाङ्गता भएकी उहाँले नेपाल सरकारले प्रदान गर्ने "नीलोकार्ड' प्राप्त अपाङ्गता भएका व्यक्तिले पाउने सामाजिक सुरक्षा भत्ताका लागि गाविसमा विवरण भरेर पठाए पनि एक वर्षमा उहाँले कुनै पनि सामाजिक सुरक्षा भत्ता पाउनुभएन ।

श्रीमान र श्रीमती दुवै नै अपाङ्गता भएका सौराह फर्साटिकर गाविस– १ कै रूपनारायण चौधरी र लुदी चौधरीको पनि नीलो कार्ड छ । उहाँहरूले जिल्ला विकास समितिबाट सरकारी नियम अनुसार मासिकरूपमा ३०० रूपियाँ सामाजिक सुरक्षा भत्ता पाउनुपर्ने हो तर कार्ड बनाएर विवरण पेश गरेको एक वर्षसम्म पनि पाउन सक्नुभएको छैन ।

त्यही गाविसकी मायाँ बि.क. को पनि अवस्था त्यस्तै छ । उहाँहरू सबैले डेढ वर्ष पहिला नै जिल्ला प्रशासन कार्यालयबाट अपाङ्गता परिचयपत्र बनाउनुभएको छ । परिचयपत्रमात्र होइन सामाजिक सुरक्षा भत्ताका लागि गाविसमार्फत निवेदनसमेत दिइसक्नुभएको छ । मायाँकी दिदी देवी बि.क. भन्नुहुन्छ– "एक वर्ष पहिला नै नीलो कार्ड भएकाले पाउने भनेर खबर आयो । गाविसमा फारम भरेका थियौं तर अहिलेसम्म पाएनौं ।"

अपाङ्गता समन्वय समिति सौराह फर्साटिकरका सचिव विष्णुबहादुर थापाका




अनुसार, १५३ जना अपाङ्गता भएका व्यक्ति छन्, जसमा करिब दुईतिहाइको नीलो कार्ड बनेको छ । उनीहरूले सामूहिकरूपमै एक वर्ष पहिला गाविसमा निवेदन दिएका थिए तर अहिलेसम्म सामाजिक सुरक्षाभत्ता पाएका छैनन् ।

गाविस सचिवले जिल्ला विकास समितिमा पठाउनुपर्ने विवरण नपठाएका कारण उनीहरू सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुनुपरेको हो । ४ महिना पहिला गाविस सचिव रहेका विष्णुप्रसाद पौडेले सरुवा भएर अहिले अग्निप्रसाद पौडेल आउनुभएको छ । सौराह फर्साटिकर गाविसका सचिव पौडेल जिल्लामा

अहिले पनि 'कोटा सिस्टम' नहटेको भन्दै नीलो कार्ड भएका अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा अर्न्तगतको भत्ता नपाएको दाबी गर्नुहुन्छ ।

नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि– २०६९ सालमै जारी गरी सम्पूर्ण जिल्ला विकास समितिलाई निर्देशन गरेर नीलो कार्ड पाएका अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनु, त्यसको आवश्यक तथ्याङ्क समाज कल्याण मन्त्रालयमा पेश गर्नु भन्दै परिपत्र गरेको छ । यो कुरा अहिलेसम्म पनि गाविस सचिव पौडेललाई जानकारी रहेको पाइँदैन । उहाँले कुराकानीका क्रममा भन्नुभो– "जिविसमा 'कोटा सिस्टम' छ । त्यस अनुसार पाउनेले अहिले पनि पाएका छन् । नीलो कार्ड भएका सबैले पाउने कुरा होइन होला ।"

उहाँका अनुसार, सौराह फर्साटिकर गाविसबाट अहिलेसम्म १० जना अपाङ्गता भएका व्यक्तिले सामाजिक सुरक्षा भत्ता पाएका छन्, जसमा ३ जना पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति (रातो कार्ड भएका) हरूले मासिक १ हजार र अन्य ७ जना अति अशक्त अपाङ्गता भएका (नीलो कार्ड) ले मासिक ३०० का दरले सामाजिक सुरक्षा भत्ता पाएका छन् ।

जिल्ला विकास समिति रूपन्देहीका सामाजिक सुरक्षा शाखाका पञ्जिकाधिकारी कृष्णप्रसाद पाण्डे नीलो कार्ड भएका अपाङ्गता भएका सबै व्यक्तिले सामाजिक सुरक्षा अन्तर्गतको मासिक ३०० रूपियाँ भत्ता पाउने बताउनुहुन्छ । उहाँले केही वर्ष पहिला रूपन्देहीलगायत देशैभरि कोटा प्रणाली अनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई भत्ता वितरण गर्दै आइएको तर कार्यविधि– २०६९ पछि कोटा प्रणाली खारेज भएर मन्त्रालयबाटै परिपत्र आएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो– "सबै गाविस, नगरपालिका र जिविसमा नेपाल सरकारले नै प्रत्येक वर्षको मङ्सिर १ देखि ३० गतेभित्र नीलो र रातो कार्ड भएका अपाङ्गता भएका व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिनुपर्छ अनि भत्ता नपाउने भन्ने कुरा छैन ।"

उहाँले जिल्ला विकास समितिले सम्पूर्ण उपमहानगरपालिका, नगरपालिका, गाविसलाई प्रत्येक वर्ष मङ्सिर महिनाभरिमा रातो कार्ड बनाएका र नीलो कार्ड बनाएका अपाङ्गता भएका व्यक्तिहरूको लगत सङ्कलन गरी मन्त्रालय र जिविसमा पठाउने भनेर निर्देशन दिएको जानकारी दिनुभयो । यदि गाविस सचिव र नगरपालिकाबाट ढिला गरेर निवेदन आएमा मन्त्रालयको नियम अनुसार भत्ता पाउनबाट बञ्चित हुने र अर्को वर्षमात्र उनीहरूले भत्ता पाउने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो– "अपाङ्गता परिचयपत्र 'क' रातो र 'ख' नीलो भएका व्यक्तिहरूले मङ्सिर महिनामा गाविस, उपमहानगरपालिका र नगरपालिकामा गएर नागरिकता र नागरिकता नभएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र कार्डको प्रतिलिपिसहित निवेदन दिनुपर्छ ।"

कुनै कारणले छुटेको भए अर्को वर्ष स्वयं अपाङ्गता भएका व्यक्ति वा अभिभावकहरूले गाविस, उपमहानगरपालिका र नगरपालिकामा मङ्सिर महिनामा निवेदन दिनुपर्छ । यदि गाविस सचिव वा वडा सचिवको लापरवाहीका कारण जिविसमा विवरण जम्मा हुन नसकेमा गाविस वा वडा सचिवले नै जिम्मेबारी लिनुपर्ने पञ्जिकाधिकारी पाण्डेको भनाइ रहेको छ ।

महिला तथा बालबालिका कार्यालयकी प्रमुख उषा रावलका अनुसार, रुपन्देही जिल्लामा ५ हजार ५८ जना अपाङ्गता भएका व्यक्तिले परिचयपत्र लिएका छन् । यो तथ्याङ्क अनुसार, अझै आधाभन्दा बढी अपाङ्गता भएका व्यक्तिले परिचयपत्र लिएका छैनन् । "ख' वर्गको अपाङ्गता परिचयपत्र लिने अपाङ्गता भएका व्यक्तिको सङ्ख्या ७३२ रहेको छ । तर, "ख' वर्गबाट सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिहरूको सङ्ख्या जम्मा २१० मात्र छ ।

# बौद्धिक अपाङ्गता भएका व्यि

## समस्याप्रति सरकार संवेदनश



ौद्धिक अपाङ्गता अभिभावक महासङ्घले आयोजना गरेको सम्मान कार्यक्र
स्बिर खिचाउँदै महिला तथा बालबालिका मन्त्री सीपी मैनाली। तस्बिर : क

गोरखापत्र समाचारदाता

ठमाडौं, मङ्सिर २१ गते। धानमन्त्री एवम् महिला, बालिका तथा समाज याणमन्त्री सीपी ...

अधिकार संविधानमा सुनिश्चित गर्न सकेको भए पनि यसको कार्यान्वयनको अवस्था भने चुनौतीपूर्ण रहेको चर्चा गर्दै मन्त्री मैनालीले बौद्धिक अपाङ्गता भएका

सुन्न र हिँडन नस बाहिर निस्केर सु पुग्न नै समस्या स्मरण गर्दै सह पर्वतपारिअमारी

20 62/8/12 गते पृष्ठ 8

kantipur.ekantipur.com



सांकेतिक भाषालाई संवैधानिक मान्यता दिनुपर्ने मागसहित राष्ट्रिय बहिरा महासंघ

20 62/9/29 पेज

नागरिक

खेल

nagariknews.com

अन्तरक्लब राष्ट्रिय
न्यु भिजन - ११
ग्रेट हिमालयन -

# अपाङ्गतामैत्री भवन नहु

## कक्षा सञ्चालनमा समस

■ राष्ट्रिय समाचार समिति

इलाम, भदौ २६ गते। अपाङ्गतामैत्री भवन नहुँदा इलामको बरबोटे उच्च माविद्वारा सञ्चालित समाहित शिक्षाअन्तर्गत बौद्धिक अपाङ्गता तथा सुस्तमनस्थितिको कक्षा सञ्चालनमा समस्या भएको छ।

विगत १७ वर्षदेखि बौद्धिक अपाङ्गता भएका बालबालिकालाई अध्ययन, अध्यापन गराउँदै आएको स्रोत कक्षालाई व्यवस्थित गर्न समस्या भएको हो।

बौद्धिक अपाङ्गता भएका बालबालिकालाई एउटै ठाउँमा राखेर व्यावहारिक ज्ञान

बस्नका लागि आवासको समेत समस्या भएको स्रोत शिक्षक डिल्लीराम खतिवडाले जानकारी दिनुभयो।

आफ्ना आमाबुबा तथा घरपरिवारले हेरचाह गर्न समस्या भएपछि स्रोत शिक्षामा ल्याइएका बालबालिकालाई सामान्य ज्ञानदेखि व्यावहारिक ज्ञान जस्तै हातखुट्टा, मुख धुने, दाँत धुने विभिन्न सीप

यहाँ बालबालिका लगाउनुपर्छ भात खान भएकाले उ

खतिवडाको भनाइ छ।

यस्तै बालबालिकालाई व्यावहारिक शिक्षाका माध्यमबाट सैद्धान्तिक शिक्षामा परिवर्तन गराउनका लागि सरकारले दुई स्रोत शिक्षक राखेको अम्बर उच्च माविका प्राचार्य तुलाराम पुरीले बताउनुभयो।

शिक्षा विभाग तथा जिल्ला शिक्षा कार्यालय इलामको लगानीमा

भएकाले दुई कर्म समस्या भएको प्र छ। स्रोत कक्षाम २० र ताप्लेजुङ छन्। कतिपय व अपाङ्गता हुन स्रोत कक्षामा अ पाइएको छ।

हाल उन साँघुरो भएका

# झमकलाई लैनसिंह पुरस्का

सिद्धराज राई

धनकुटा, पुस २५

मदन पुरस्कार विजेता कृति 'जीवन काँडा कि फूल'की लेखिका झमक घिमिरेलाई लैनसिंह बाङ्देल पुरस्कार र सम्मान प्रदान गरिएको छ। भारतको कलकत्ताका साहित्यकारले झमक घिमिरेलाई लैनसिंह बाङ्देल पुरस्कार र सम्मान दिए।

लैनसिंह बाङ्देल साहित्य कला प्रतिष्ठान कलकत्ताले प्रदान गरेको यो पुरस्कार लिएर साहित्यकारहरू झमक घिमिरेको गृह जिल्ला धनकुटा आएका थिए। अघिल्लो वर्ष भारतको भाषा विज्ञ साहित्यकार राजनारायण प्रधानलाई दिइएको यो पुरस्कार यो वर्ष झमक घिमिरेलाई प्रदान गरिएको प्रतिष्ठानका मुख्य सचिव विकास कार्कीले बताए।

जिल्ला विकास समितिको सभाहलमा आयोजित कार्यक्रममा पुनरावेदन अदालत धनकुटाका मुख्य न्यायधिस प्रकाशकुमार ढुंगाना र प्रतिष्ठानका अध्यक्ष गणेश प्रधानले लैनसिंह बाङ्देल पुरस्कार घिमिरेलाई प्रदान गरेका थिए। यो पुरस्कार राशि नगद १० हजार र सम्मानपत्र रहेको छ। सो अवसरमा साहित्यकार जनार्दन गोठालेले झमकको जीवनी वाचन गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि लगायतका व्यक्तिहरूले घिमिरेको व्यक्तित्व र साहित्य सिर्जनाको विषयमा चर्चा गरेका थिए।

घिमिरेले २०६९ सालमा मदन पुरस्कार पाएकी थिइन्।



झमकलाई सम्मान पत्र प्रदान गर्दै प्रतिष्ठानका प्रधान। तस्बिरः

नेपाल सरकारले पनि झमक घिमिरेलाई आवा सुविधा दिने तयारी गरिरहेको छ।

२०३७ सालमा जन्मेकी झमकले २० खुट्टाको औंलाले अक्षर लेख्न थालेकी हुन्। झमकले भाइबहिनीले लेखपढ गरेको देखेरै अ सिकेकी थिइन्।

अहिले धनकुटामा झमकुमारी घिमिरेको विकास र प्रवर्दन गर्नको लागि झमक घिमिरे प्रतिष्ठान स्थापना भएको छ। यही प्रतिष् घिमिरेको साहित्य र कलाको संरक्षण र विका गर्दै आएको छ।

# दृष्टिविहीन क्रिके

## केरलातिर

काठमाडौं, पुस २८ (नागरिक)- प्रथम ट्वान्टी-२० दृष्टीविहीन एसिया कप क्रिकेट खेल्न नेपाली टोली मंगलबार भारतको केरला गएको छ।

माघ ३ देखि हुने प्रतियोगितामा नेपालले फाइनल खेल्ने लक्ष्य लिएको छ। मंगलबार बिदाइ कार्यक्रममा टोलीका कप्तान किर्तन श्रेष्ठ दुवालले भारतबाट सुखद नतिजा लिएर फर्कने बताए। 'हाम्रो ... साथी अनुभवी छन्। उनीहरूले ... गरेका छन्। यसले टोलीको आ...

किर्तन नेपाली टोलीका ... मैदानमा १० दिन अभ्यास गर्दै ने...

मैदान समयमा उपलब्ध नहुँ... कप्तान किर्तनको गुनासो थियो। ... खेल्नुअघि १० दिनको अभ्यास ... मैदान पाउनै गाह्रो भयो। दैनिक ... गर्न पाएनौं। धेरै समय आउटफिल्ड... छौं मिहिनेतका साथ गरेका छौं। यस... सहयोग गरेको छ।'

टोली तयारी अवस्थामा भए पनि ... अभावका कारण दक्षिण अफ्रिकामा ... सहभागी हुन पाएन। नेपाली दृष्टिविही... ...जनाल पहिलोपल्ट २००८ मा पाकिस्तान भ्रमणका क्रममा त्यहाँको क्षेत्रीय टोलीसँग मैत्रीपूर्ण खेल खेलेर फर्किएको थियो। २०१० मा नेपालले पाकिस्तान टोलीसँग एक ट्वान्टी-२० र चार एकदिवसीय खेल खेलेको थियो। सबै खेलमा नेपाल पराजित भएको थियो।

पछिल्लोपल्ट नेपालले सन् २०१२ मा बेङ्लोरमा भएको ट्वान्टी-२० ... पहिले भाग लिएको प्रतियोगितामा

# दृष्टिविहीनलाई सहयोग

म्याग्दी, पुस २० (नागरिक)- पिप्ले गाविस ... दृष्टिविहीन स्रोतकक्षामा अध्ययनरत विद्यार्थी... महिलाले १ लाख १२ हजार मूल्यको बोल्ने क... 

ओखरबोट, महबिर घर भई हाल हङकङ... (आशा) ले पति मोहन थापामगरको स्मृति... सहयोगी सफ्टवेयर जडान गरिएका दुईवटा ... कम्प्युटर सोमबार एक कार्यक्रमबीच विद्या... 

त्यस्तै तनहुँ, दुलेगौडा घर भई ह... इन्टरनेट जडानका लागि २० हजार रूपैयाँ... स्रोतशिक्षक गणेश सुवेदी, विद्यालयका... पत्रकार हरिकृष्ण गौतम र खिमबहादु... राज्यको न्यून सहयोग भइरहेको अवस्था...

# ...रा स्कुललाई

## ...योग जुट्दै

...(कास)- समस्यामा गुज्रिरहेको ...स्कुलका लागि भवन, आवास, ...र औषधोपचार सहयोग जुट्न ...छ। समस्यामा बहिरा स्कुल ...र छापिएपछि विभिन्न व्यक्ति ...बाट सहयोग आउन थालेको ...खरा ढिकुरपोखरीकी समाजसेवी ...गुरुङको पहलमा दातामार्फत ...छात्राका लागि आवास गृह ...ने भएकी हुन्।

...श्वर बहिरा स्कुलका १८ ... बस्ने घर बनाइदिन उनलाई ... बस्ने नेपाली र विदेशीले ...म ४ लाख पठाइसकेका छन्। ... अभियानमार्फत सहयोग ... दुःखमा परेकालाई सहयोग गर्दै ... सरिताले प्राविधिक टोलीसहित ... छात्रावास निर्माण प्रक्रिया सुरु ...हुन्। कान नसुन्ने र बोल्न ...३६ बहिरा अध्ययन गर्ने

# कार्यक्रम घोषणा गर्ने प्रतिबद्धता

■ गोरखापत्र समाचारदाता ·

काठमाडौँ, मङ्सिर १२ गते। उपप्रधानमन्त्री तथा महिला, बालबालिका तथा समाजकल्याणमन्त्री सीपी मैनालीको अध्यक्षतामा २४औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन मूल आयोजक समिति गठन भएको छ। सो मन्त्रालयको

आउँदो १७ गते ३ डिसेम्बरमा मनाइने उक्त दिवसको यसवर्ष अन्तर्राष्ट्रिय तथा राष्ट्रि 'अर्थपूर्ण समावेशीकरण सबै क्षमताका व्यक्तिव पहुँच र सशक्तीकरण' रहेको छ।

बैठकमा उपप्रधानम मैनालीले अपाङ्गता भए